मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ६४ ★ ने. सं. ११४६ चौला थ्व, दशमी ★ शनिबार ★ १४ चैत, २०८२ ★ March 28, 2026, Saturday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

# इरानको विद्यालयमा मिसाइल हमलामा संयुक्त राष्ट्र सङ्घद्वारा छानबिन र न्यायको माग



जेनेभा, १३ चैत (एएफपी) । अमेरिकी–इजरायली आक्रमणको पहिलो दिन इरानको एक विद्यालयमा भएको घातक मिसाइल आक्रमणले युद्धका निर्दोष पीडितहरूको पीडा पुन: उजागर गरिरहँदा संयुक्त राष्ट्रसङ्घले घटनाको निष्पक्ष छानबिन र न्याय सुनिश्चित गर्न कडा आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले उक्त आक्रमणलाई 'भित्री आतङ्क' सिर्जना गर्ने घटना भन्दै दोषीमाथि जवाफदेहिता आवश्यक रहेको बताउनुभयो ।

संयुक्त राष्ट्र मानव अधिकार परिषद्मा शुक्रबार सुरु भएको आकस्मिक बहसमा बोल्दै उहाँले युद्धका मतभेदहरू समाधान गर्ने नाममा बालबालिकामाथि आक्रमण हुनु अस्वीकार्य रहेको स्पष्ट पार्नुभयो । मध्यपूर्व युद्धको पहिलो दिन, फेब्रुअरी २८ मा इरानको मिनाबस्थित एक प्राथमिक विद्यालयमा भएको बम विस्फोटले ठुलो मानवीय क्षति निम्त्याएको थियो ।

टर्कका अनुसार बम प्रहारले विद्यालयका कक्षाकोठा ध्वस्त बनाएको मात्र नभई, अभिभावकहरूलाई शोकमा डुबाएको छ । उहाँका अनुसार यस्ता घटनामा युद्धको सबैभन्दा ठुलो पीडा निर्दोष सर्वसाधारण नागरिकहरूले नै भोग्नुपर्छ । त्यस्ता सर्वसाधारण नागरिकहरू जसको द्वन्द्वसँग कुनै निर्णयात्मक सम्बन्ध हुँदैन । उक्त घटनामा १६८ जना विद्यार्थी, शिक्षक, विद्यालय कर्मचारी तथा उनीहरूका परिवारजन प्रभावित भएको जानकारी दिइएको छ ।

अमेरिकी सञ्चारमाध्यम द न्युयोर्क टाइम्सले सार्वजनिक गरेको प्रारम्भिक अनुसन्धान अनुसार लक्षित गल्तीका कारण अमेरिकी टोमहाक क्रुज मिसाइल विद्यालयमा ठोक्किएको थियो । यसै सन्दर्भमा संयुक्त राष्ट्रसङ्घले आक्रमणमा संलग्न पक्षले तत्काल, निष्पक्ष र पारदर्शी अनुसन्धान गर्नुपर्ने दायित्व रहेको दोहोर्‍याएको छ ।

टर्कले अमेरिकी अधिकारीहरूले अनुसन्धान भइरहेको जनाएको उल्लेख गर्दै उक्त प्रक्रिया छिटो सम्पन्न गरी निष्कर्ष सार्वजनिक गर्न आग्रह गर्नुभयो । उहाँले 'भयानक क्षतिका लागि न्याय हुनुपर्छ' भन्ने स्पष्ट सन्देश दिनुभयो ।

यो बहस इरान, चीन र क्युवाको पहलमा आयोजना गरिएको हो । यस हप्ता परिषद्मा मध्यपूर्व युद्धसम्बन्धी दोस्रो आकस्मिक छलफल हो । यसअघि बुधबार खाडी सहयोग परिषद् र जोर्डनका तर्फबाट बहराइनले उठाएको प्रस्तावमा इरानद्वारा खाडी राष्ट्रहरूमा गरिएको आक्रमण र त्यसको नागरिक प्रभावबारे छलफल भएको थियो ।

उक्त बहसपछि ४७ सदस्यीय मानव अधिकार परिषद्ले इरानका आक्रमणहरूको निन्दा गर्दै पीडितहरूलाई शीघ्र क्षतिपूर्ति दिन आह्वान गर्ने प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको थियो । यद्यपि, शुक्रबारको करिब दुई घण्टा लामो छलफलमा कुनै नयाँ प्रस्तावमाथि मतदानको कार्यसूची समावेश गरिएको थिएन ।

यसैबिच मध्यपूर्वमा युद्धसँगै कूटनीतिक प्रयास चलिरहे पनि तनाव कम हुने सङ्केत देखिएको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्ट्रेट अफ होर्मुजसम्बन्धी समयसीमा बढाएको केही समयमै इरानको रिभोलुसनरी गार्ड्सले क्षेत्रका सर्वसाधारणलाई अमेरिकी सैन्य उपस्थिति भएका स्थानबाट टाढा रहन कडा चेतावनी दिएका छन् ।

ट्रम्पले इरानलाई स्ट्रेट अफ होर्मुज खोल्न आग्रह गर्दै ऊर्जा पूर्वाधारमाथि सम्भावित आक्रमणको चेतावनी दिँदै आएको समयसीमालाई अप्रिल ६ सम्म सार्ने निर्णय

बाँकी पृष्ठ ८ मा

# नेपालका बुद्धिजीवी र राजनीति

पत्र–पत्रिकाका स्तम्भ लेखक तथा बद्धिजीवीहरू आफू कुन पार्टीको भित्री समर्थक हो भनी नबताई घुमाइफिराइ अनेक गन्थन गरी जिभ्रो चपाउने गर्छन् । एउटा स्तम्भकारले लेखे, "नक्कली राष्ट्रवाद, नजातीय अहङ्कार, पपुलिजम् र व्यक्तिपूजाको ककटेलले अन्तत: स्तालिन, हिटलर र फासीवादी जन्माउने हो ।"

अन्धराष्ट्रवाद, सङ्कीर्ण राष्ट्रवाद र बडाराष्ट्र अहङ्कारवादले फासीवादको उदय हुन्छ । पहिलो विश्वयुद्धमा आफनो देश अपमानित भएको भनेर इटालीका राष्ट्रवादीहरूको नाउँमा शासकवर्ग तथा पुँजीपतिवर्गले रोमको गौरव फर्काउने घोषणा गरे । तिनीहरूले 'क्याथोलिक धर्म को आडमा राष्ट्रवादलाई प्रचार र सङ्गठनको विषय बनाए । एक पटक समाजवाद' का पक्षपाती बनेका मुसोलिनीले अर्ध सैनिक युवा दलमार्फत रोममा पैदलयात्राको आयोजना गरी थर्काएरै सत्ता हत्याए । जहाँजहाँ क्याथोलिक धर्म छ, त्यहाँत्यहाँ इटालीको शासन हुन्छ भनेर छिमेकीदेखि अफ्रिकाको अबेसिनियासम्म फासीवादी शासन लादियो ।

फासीवादीहरूले इटालीमा प्रजातन्त्रको नाउँमा प्रजातन्त्रविरोधी एकतन्त्रीय तथा निरङ्कुश शासन चलाए । कम्युनिस्ट तथा बहुदलवादीहरू सबै जेलमा कोचिए ।

फासीवादको शाब्दिक अर्थ राष्ट्रवाद हो भने राजनैतिक र व्यावहारिक अर्थ अन्धराष्ट्रवाद, सङ्कीर्ण राष्ट्रवाद तथा बडाराष्ट्र अहङ्कारवाद हो । यसले एउटा धर्मले अरूको धर्मलाई थिचोमिचो गर्छ ।

भारतीय जनता पार्टीको मोदी सरकारको शासन व्यवस्था पनि फासीवादी शैलीमा चल्दै छ– प्रेसमा सेन्सरसीप, शिव सेनाको राजनैतिकर धार्मिक गतिविधि, अन्य जातजाति, भाषाभाषी र धर्मप्रति असहिष्णुता । छोटोमा मुसलमानविरोधी, दलितविरोधी, अन्धराष्ट्रवादी तथा अन्य राजनैतिक पार्टीहरूप्रति असहिष्णु । कोभिड– १९ को रोकथामको निम्ति भनेर प्रम मोदीले मन्दिरमा पूजा गरे; दियोबत्ती बाले । मोदीले समयमा जनतालाई सचेत पारेनन् र 'लकडाउन' पनि गरेनन् । जनताको दबाबपछि एकैबाजी सबै कलकारखाना, व्यवसाय तथा कार्यालय, रेल तथा बस सेवा बन्द गर्दा कामदार जनताले धेरै दु:ख पाए । रेल र गाडी बन्द हुँदा काम गरी खाने मानिस हप्तौं लगाएर हिँडेरै घर पुगे । कतिपय गाउँमा पुग्नै पाएनन् र बाटैमा मरे; कतिपय गाउँ पुगेपछि मरे । कोभिड सङ्क्रमितबाट अरूलाई पनि सर्दा धेरै मानिस मरे ।

भारतको मोदी सरकारको गलत नीतिले गर्दा चिहानमा ठाउँ नपाएर नदी किनारलगायत जहाँ पायो त्यहीं लास गाडिए । नदीमा लासहरू बहेको विदेशी प्रचारमाध्यमहरूले देखाए । नदी किनारमा लास दहनका तस्बिरहरू अखबारमा छापिए । भारतीय सरकारले कोरोना सङ्क्रमित मृतकको सङ्ख्या ४ लाख भने पनि ४० लाख भएको आकलन गरिएको छ । भारत सरकारले तथ्य लुकायो । संरा अमेरिकी ट्रम्पको सरकार र ब्राजिलको बोल्सोनारो शासनले पनि समयमा जनतालाई रोगबाट बच्ने उपाय नबताएको र खोपबारे ध्यान नदिएको आरोप खेपे ।

ट्रम्पले हरेक रात हिटलरको पुस्तक पढेर आफूले प्रेरणा लिएको भनेकै हुन् । बोल्सोनारो दोस्रो विश्वयुद्धका एक अपराधीका छोरा हुन् र उनका पितालाई संरा अमेरिकी गुप्तचर विभाग सीआईएले दक्षिण अमेरिकामा लुकाएको कुरा

बाँकी पृष्ठ ८ मा

# एसईईको तयारी पूरा: जापानसहित देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण

भक्तपुर, १३ चैत । राष्ट्रिय परीक्षा बोर्डले यही चैत १९ गतेदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) को तयारी पूरा भएको जनाएको छ । बोर्डले देशभरका सबै परीक्षा केन्द्रबाट बिहान ८:०० बजेदेखि एकै समयमा एसईई परीक्षा सुरु हुने जनाएको हो ।

चैत १९ गतेदेखि सुरु भई २९ गते सम्पन्न हुने एसईई परीक्षामा यस वर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी हुने कक्षा १० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार तीमध्ये नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् । परीक्षा दिनेमा छात्राको सङ्ख्या बढी छ । यस वर्ष दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुने उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिँदै छन् ।

**सबैभन्दा बढी विद्यार्थी वाग्मती, कम कर्णाली**

यस वर्ष कोसीबाट ८२ हजार ४८७, मधेसबाट ९० हजार २४३, वाग्मतीबाट एक लाख नौ हजार ५१३, गण्डकीबाट ४३ हजार ९७२, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र सुदूरपश्चिम प्रदेशबाट ५४ हजार ६३५ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।

बाँकी पृष्ठ २ मा

## व्यङ्ग्यचित्र कुनो




क्षयरोगबाट बचौं र बचाऔं।

- खोक्दा र हाच्छ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको बिरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- बिरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको बिरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**डिभाइडरमा फुलेका फूल :**
ललितपुरको पुल्चोकस्थित सडकको बिच भागमा रहेको डिभाइडरमा फुलेका रङ्गीचङ्गी फूल । डिभाइडरमा फुलेका फूल र सडक दायाँबायाँ रहेका हरियो बोटबिरुवाले सडकको सौन्दर्य बढाएको छ । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# कार्की आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय

काठमाडौँ, १३ चैत । मन्त्रिपरिषद बैठकले भदौ २३ र २४ गतेको घटनासम्बन्धी गौरीबहादुर कार्की नेतृत्वको आयोगले बुझाएको प्रतिवेदन कार्यान्वयनमा लैजाने निर्णय गरेको छ । बालेन शाह प्रधानमन्त्री बनेपछि शुक्रबार पहिलोपटक मन्त्रिपरिषद् बैठक बसेको थियो ।

उक्त बैठकका निर्णय सुनाउँदै सरकार प्रवक्ता सस्मित पोखरेलले कार्की आयोगले नेपाल सरकारसमक्ष पेस गरेका प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको बताउनुभयो ।

अन्यको हकमा कार्की आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय भएको पनि उहाँले जानकारी दिनुभयो ।

# काठमाडौँसहित विभिन्न जिल्लामा वर्षा सुरू

काठमाडौँ, १३ चैत । देशभर मौसम बदली भई काठमाडौँसहित विभिन्न जिल्लामा वर्षा सुरू भएको छ । अहिले सातै प्रदेशका विभिन्न जिल्लामा वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विभागका सूचना अधिकारी दिनकर कायस्थले शनिबार पनि मौसम बदली रही वर्षा हुने जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो एक घण्टामा करिब ५० मिलीमिटर वर्षामापन केन्द्रमा वर्षा मापन गरिएको छ ।

त्यसमध्ये सबैभन्दा बढी सङ्खुवासभामा २७ मिलीमिटर र नुवाकोटमा २६ मिलीमिटर वर्षा भएको सूचना अधिकारी कायस्थले जानकारी दिनुभयो । लमजुङमा १७, चितवनमा ६ दशमलव चार, म्याग्दीमा ६ दशमलव चार, कास्कीमा सात दशमलव आठ, तनहुँमा सात दशमलव दुई मिलीमिटर वर्षा भएको छ ।

पछिल्लो तीन घण्टामा भने म्याग्दी र सङ्खुवासभामा भारी वर्षा भएको जनाउँदै कायस्थले म्याग्दीमा ६० मिलीमिटर र सङ्खुवासभामा ५० मिलीमिटर वर्षा भएको बताउनुभयो ।

विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यूनचापीय प्रणालीका साथै स्थानीय वायुको प्रभाव रहेको छ । विभागले जारी गरेको बुलेटिनमा देशका हिमाली भूभागमा आंशिक बादल तथा कोसी र मधेस प्रदेशसहित देशका पहाडी भूभागमा साधारणतया बादल लाग्ने र तराईका बाँकी भूभागमा आंशिक बादल लाग्नेछ ।

सोही कारण कोशी, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भूभागका थोरै तथा तराई भूभागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, हुरीबतास र असिनासहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको विभागका सूचना अधिकारी कायस्थले जानकारी दिनुभयो ।

शनिबार कोसी, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशमा साधारणतया बादल लाग्ने र बाँकी भूभागमा आंशिक बादल लाग्ने जनाइएको छ । कोशी, मधेस, बाग्मती प्रदेशका केही स्थान तथा बाँकी हिमाली र पहाडी भूभागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको विभागले जनाएको छ ।

# सहकारीमा शुद्धीकरण र पारदर्शिता आजको आवश्यकता
# शुभेच्छा साकोसको अर्धवार्षिक समीक्षा सम्पन्न

भक्तपुर, १३ चैत । सहकारी क्षेत्रमा पछिल्लो समय देखिएका चुनौती र विकृतिहरूलाई चिर्न सदस्यहरूमाझ वित्तीय पारदर्शिता र नीतिगत स्पष्ट हुनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । भक्तपुरमा अवस्थित शुभेच्छा बचत तथा ऋण सहकारी संस्थाको आर्थिक वर्ष २०८२/०८३ को अर्धवार्षिक समीक्षा कार्यक्रममा सहभागी वक्ताहरूले सो धारणा राखेका हुन् । शुक्रबार आयोजित एक विशेष समारोहका बिच संस्थाका सल्लाहकारद्वय पुण्यराम सुवाल र शिवनारायण ग्वाछ्राले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन गर्नुभयो ।



संस्थाका सल्लाहकार पुण्यराम सुवालले वर्तमान समयमा सहकारी क्षेत्रले भोगिरहेको सङ्कटप्रति सङ्केत गर्दै संस्थालाई बलियो बनाउन सदस्यहरूको भूमिका अहम् हुने बताउनुभयो । उहाँले भन्नुभयो, "सहकारीमा विकृति बढिरहेको वर्तमान अवस्थामा सदस्यहरूलाई संस्थाको आर्थिक आम्दानी तथा खर्चको विवरण स्पष्ट रूपमा बेला-बेलामा जानकारी गराउनुपर्छ । यसले सदस्यको विश्वास जित्न मद्दत गर्छ ।" उहाँले बजारको तरलतालाई मध्यनजर गर्दै समयसापेक्ष रूपमा ब्याजदरमा परिमार्जन गर्नसमेत सुझाव दिनुभयो ।

अर्का सल्लाहकार शिवनारायण ग्वाछ्राले सहकारी सञ्चालक र सदस्यहरूले सरकारको परिवर्तनशील नीति र निर्देशनलाई आत्मसात गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । सरकारी नीति नियमको परिधिभित्र रहेर काम गर्दा मात्रै सहकारीहरू सुरक्षित रहने उहाँको तर्क थियो ।

सञ्चालक सदस्य गणेश त्यातले ऋण असुलीका क्रममा भोग्नुपरेका व्यावहारिक कठिनाइहरूबारे प्रकाश पार्नुभयो । उहाँले सदस्यले ऋण तिर्न नसक्दा धितोमा राखिएको सम्पत्ति लिलाम प्रक्रियामा लैजाँदा उल्टै ऋणीले मुद्दा हाल्ने गरेका उदाहरणहरू प्रस्तुत गर्नुभयो । उचित मूल्याङ्कन नहुँदा भविष्यमा सहकारीलाई झन् ठूलो अप्ठ्यारो पर्न सक्नेतर्फ उहाँले सचेत गराउनुभयो ।

जल्ला बचत सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले सहभागीहरूलाई विशेष प्रशिक्षण प्रदान गर्नुभएको थियो । उहाँले सहकारीको दिगोपनका लागि नेतृत्व तह सक्षम र दूरदर्शी हुनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रम संस्थाका अध्यक्ष विश्वराम लवजुको सभापतित्वमा सम्पन्न भएको थियो भने संस्थाका सचिव प्रेम जोशीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

समीक्षा कार्यक्रममा संस्थाको पुस मसान्तसम्मको वित्तीय प्रगति विवरण, भावी योजना र वर्तमान समस्या समाधानका उपायहरूमाथि गहन छलफल गरिएको थियो ।

# शैक्षिक गुणस्तर सुधार्न विद्यालयमा पूर्वाधार विकास

सिरहा, १२ चैत । यहाँको लहान नगरपालिका-८ स्थित सिद्धार्थ आधारभूत विद्यालयमा बिहीबार एक विशेष कार्यक्रमकाबिच नवनिर्माण गरिएको चारकोठे भवन, हात धुने स्थान, शौचालय र खानेपानी संरचना हस्तान्तरण गरिएको छ ।

विद्यालयमा निर्मित चारकोठे भवन नगरपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत रु. ४५ लाख लागतमा निर्माण गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिनुभयो । यसका साथै नगरपालिकामा सञ्चालित 'द विकन परियोजना'मार्फत रु. १७ लाख ५३ हजार १७८ को लागतमा भवनबाहेकका अन्य सरसफाइ र खानेपानीका संरचना निर्माण गरिएका हुन् । यो परियोजनामा वाटर एड नेपाल, नेपाल खानेपानी संस्थान, लहान नगरपालिका र दलित जनकल्याण युवा क्लब साझेदारका रूपमा रहेका छन् ।

हस्तान्तरण कार्यक्रममा नगरप्रमुख चौधरीले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न भौतिक पूर्वाधार पहिलो शर्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारबिना गुणस्तरीय शिक्षा सम्भव हुँदैन । विद्यार्थीका लागि सुरक्षित र बालमैत्री वातावरणमा पढ्न पाउने अधिकार सुनिश्चित गर्न नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । अब भौतिक संरचना तयार भइसकेकाले यस विद्यालयमा पनि अङ्ग्रेजी माध्यममा पठनपाठन सञ्चालन गरिनेछ ।"

विद्यालयकी प्रधानाध्यापक सुधा चौधरीले करिब २०० विद्यार्थी रहेको यस विद्यालयमा जीर्ण भौतिक संरचनाका कारण विगतमा पठनपाठनमा ठूलो समस्या भोग्नुपरेको स्मरण गर्नुभयो । उहाँका अनुसार पहिले शौचालय नहुँदा विद्यार्थी र शिक्षकहरू बाहिर जानुपर्ने र खानेपानीको अभावमा विद्यार्थी घरै फर्किनुपर्ने बाध्यता थियो, जुन अब पूर्ण रूपमा अन्त्य भएको छ ।

लहान नगरपालिकाले पछिल्लो समय 'एक विद्यालय, एक कम्प्युटर' र 'एक कक्षाकोठा, एक पङ्खा' जस्ता कार्यक्रममार्फत डिजिटल र भौतिक सुविधा विस्तार गरिरहेको छ । विकन परियोजनाले पनि लहानका विभिन्न विद्यालयमा १५ सयभन्दा बढी विद्यार्थीलाई स्वच्छ खानेपानी र एक हजार १०० भन्दा बढीलाई व्यवस्थित शौचालयको पहुँच पुर्याएको जनाएको छ । ***(रासस)***

*एसईईको...*

बोर्डले परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरेको छ भने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने जनाएको छ । परीक्षाको सम्पूर्ण तयारी पूरा भएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो ।

**यस्तो छ परीक्षा तालिका**

चैत १९ गते बिहान ८:०० बजेदेखि देशभर एकैसाथ सुरु हुने परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ भने चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय, २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ र २९ गते प्राविधिक धारका बाँकी विषयहरूको परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो ।

परीक्षा अनुगमनमा रोक

बोर्डले यस वर्ष एसईई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनको नाममा विभिन्न सङ्घसङ्गठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो ।

अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिबाट परीक्षा केन्द्रको बाहिर मात्र अनुगमन गर्ने बोर्डले निर्णय गरेको उहाँले बताउनुभयो ।

पत्रकारले परीक्षा केन्द्रको बाहिरी दृश्य मात्र छायाङ्कन गर्न वा तस्बिर लिन मिल्ने जानकारी दिँदै उहाँले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यसदिन खटिएका प्रतिनिधिले मात्र अनुगमन गर्नसक्ने व्यवस्था गरिएको उल्लेख गर्नुभयो । परीक्षा हलभित्र दृश्य छायाङ्कन गरी सामाजिक सञ्जालमा राखेर विद्यार्थीमा विचलन नल्याउन बोर्डले सबैमा आग्रह गरेको छ ।

जिल्लाजिल्लामा पुग्यो प्रश्नपत्र

परीक्षा नियन्त्रण कार्यालयले सातै प्रदेशका लागि सबै जिल्लामा प्रश्नपत्र पुर्याएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ सम्पन्न गरिएको प्रश्नपत्र ढुवानी गरी सुरक्षा निकायको सहयोगमा सबै जिल्लामा पुर्याइसकिएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो ।

सातै प्रदेशमा फरक प्रश्नपत्र छपाइ गरिएको जनाउँदै उहाँले परीक्षामा सोधिने प्रश्न ६ वटै अनिवार्य विषयका प्रदेशअनुसार फरकफरक प्रश्नपत्र छापिएको जानकारी दिनुभयो । उहाँका अनुसार यदि कतै प्रश्नपत्र बाहिरियो भने सम्बन्धित प्रदेशको निश्चित विषयको मात्र परीक्षा रद्द गरी पुन:प्रश्नपत्र छपाइ गर्न सकिने व्यवस्था गरिएको छ ।

यस्तो छ सुरक्षा व्यवस्था

प्रत्येक परीक्षा केन्द्रमा जिल्ला परीक्षा समितिले तय गरेअनुसार आवश्यकताको आधारमा सुरक्षाकर्मी परिचालन हुनेछन् । यद्यपि प्रत्येक केन्द्रमा १५ जना प्रहरी, एक केन्द्राध्यक्ष, एक सहायक केन्द्राध्यक्ष, २० जना परीक्षार्थी बराबर एक निरीक्षक, १०० परीक्षार्थी बराबर एक कार्यालय सहयोगी र अन्य दुई कर्मचारीको व्यवस्था गरिएको बोर्डले जानकारी दिएको छ ।

**श्री ब्रह्मायणी आधारभूत विद्यालय**
लिबाली, भक्तपुर–८, फोन नं. ९८४१११९७८२, ९८४१५९०३०४

**शिक्षक आवश्यकता**

यस विद्यालयमा रिक्त रहेको निम्न शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले सात दिनभित्र नियमानुसार दरखास्त आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि विद्यालयमा सम्पर्क गर्न सकिन्छ ।

| पद | तह/श्रेणी | सङ्ख्या | शैक्षिक योग्यता | दर्खास्त दस्तुर |
|---|---|---|---|---|
| शिक्षक | प्रा.वि. तृतीय (करार) | १ | +2 उत्तीर्ण वा सो सरह | रु.८०० (आठ सय) |

**शिक्षक छनोट समति**

## सङ्क्षिप्त समाचार

# बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त

काठमाडौँ, १३ चैत । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम प्रतिनिधिसभा सदस्य बालेन्द्र शाहलाई प्रधानमन्त्री नियुक्त गर्नुभएको छ । उक्त कुरा राष्ट्रपतिको कार्यालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । *(रासस)*

# लागुऔषधसहित विभिन्न स्थानबाट चौध जना पक्राउ

काठमाडौँ, १३ चैत । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित १४ जनालाई पक्राउ गरेको छ । उनीहरूलाई बुधबार र बिहीबार पक्राउ गरिएको हो ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँ महानगरपालिका-२६ ठमेल नरसिंह चोकस्थित सिटी हेभन होटलबाट लागुऔषध खैरो हेरोइनसहित सिरहा नगरपालिका-८ का २९ वर्षीय रक्कीकुमार यादवलाई पक्राउ गरिएको छ ।

यसैगरी, काठमाडौँ महानगरपालिका-१६ नयाँ बजार फलफूल चोकबाट लागुऔषध पोलेनसहित एक जना, भद्रपुर नगरपालिका-५ मेचीपुलबाट खैरो हेरोइनसहित एक जना, गुलरिया नगरपालिका-११ गणेशपुरबाट एक जना, लहान नगरपालिका-३ बाट एक जना र तुलसीपुर उपमहानगरपालिका-१८ बेलझुण्डीबाट दुई जनालाई पक्राउ गरिएको छ ।

कैलालीको लम्कीचुहा नगरपालिका-६ बाग्माराबाट एक,कञ्चनपुरको बेलौरी नगरपालिका-८ पचुईबाट दुई, धरान उपमहानगरपालिका-१६ पानीट्याङ्कीबाट ट्रामाडोल र स्पास्मेन ट्याब्लेटसहित दुई तथा सोही उपमहानगरपालिका-२० विष्णुपादुका पुलबाट १७ किलोग्राम गाँजासहित दुई जनालाई पक्राउ गरिएको जनाइएको छ । *(रासस)*

# वीरगञ्ज नाकाबाट सात महिनामा झण्डै छ खर्बको आयात

वीरगञ्ज (पर्सा), १३ चैत । चालु आर्थिक वर्षको सात महिनामा वीरगञ्ज नाका हुँदै रु. पाँच खर्ब ९५ अर्ब ४६ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्रिएका छन् ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु. ५८ अर्ब ९१ करोडअर्थात् ११ प्रतिशत बढी सामान भित्रिएको छ । गत आवको सात महिनामा भने रु. पाँच अर्ब ३६ करोड ५५ करोड मूल्य पर्ने वस्तु तथा सामान यो नाका हुँदै भित्रिएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले यो नाका हुँदै आयात हुनेमा पेट्रोलियम पदार्थ र फलाम तथा फलामबाट बनेका सरसमानको हिस्सा उल्लेखनीय रहेको बताउनुभयो ।

वीरगञ्ज हुँदै चालु आवको सात महिनामा रु. एक खर्ब २३ अर्ब ६७ करोड मूल्य पर्ने पाँच थरिका पेट्रोलियम पदार्थको आयात भएको छ भने सोही अवधिमा रु. ५२ अर्ब ७५ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामानहरू आयात भएको छ । साथैरू ४२ अर्ब ४८ करोड मूल्य पर्ने मेसिनरी पार्टपुर्जा, रु. ४१ अर्ब २० करोड मूल्य पर्ने भटमासको कच्चा तेल, रु. ३० अर्ब ९१ करोड मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र पार्टपुर्जा, रु. २८ अर्ब ५९ करोड मूल्य पर्ने मलखाद र रु. २३ अर्ब ७१ करोड मूल्य पर्ने कपडाहरू आयात भएका छन् । *(रासस)*

# बाह्र वर्षपछि दोदा नदीमा पुल निर्माण

दोधारा चाँदनी (कञ्चनपुर), १३ चैत । कृष्णपुर नगरपालिका र लालझाडी गाउँपालिका जोड्ने दोदा नदीको पुल सम्झौता भएको १२ वर्षपछि निर्माण सम्पन्न भएको छ ।

पुल निर्माणका लागि २०७२ पुस २६ गते लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभी कैलालीसँग ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार पुल निर्माणको काम २०७५ पुस २६ मा सम्पन्न गर्नुपर्ने भए पनि सम्झौता गरेको १२ वर्षपछि पुल निर्माण सम्पन्न भएर महेन्द्रनगरको डिभिजन सडक कार्यालय महेन्द्रनगरले जनाएको छ ।

पुल निर्माणको सम्झौताअनुरूप त्यतिबेला काम सुरु भएर तीनवटा पिलरसम्म निर्माण भएका थिए । तर पुलको फाउन्डेसनमा समस्या देखिएपछि डिजाइन परिवर्तन भएर पुल निर्माण हुन १२ वर्ष लागेको हो । "पुलको फाउन्डेसनमै समस्या देखिएपछि डिजाइन परिवर्तन गरेर पुल निर्माण गर्न समय लाग्यो", डिभिजन सडक कार्यालय महेन्द्रनगरका इन्जिनियर हरिसप्रसाद जोशीले भन्नुभयो, "पुल निर्माण सम्पन्न भएर आवतजावत सुरु भइसकेको छ ।" उहाँका अनुसार उक्त पुल निर्माणका लागि तीनपटकसम्म म्याद थप गरिएको थियो ।

दोदा नदीमा पुल नहुँदा वर्षौँदेखि यहाँका स्थानीयले आवतजावतमा समस्या भोग्दै आएका थिए । "पुल बनेपछि हामीलाई आवतजावतमा सहज भएको छ, वर्षामा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता थियो ।" यहाँका स्थानीय भूपेन्द्र चौधरीले भन्नुभयो, "पुल बनेपछि यहाँका स्थानीयलाई ठूलो राहत भएको छ ।"

नदीपारि बसाइ र वारि खेतबारीको काम गनुपर्ने भएकाले बाध्य भएर ज्यान नै जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता रहेको अर्का स्थानीय रमेश महर बताउनुहुन्छ । "नदीपारि लालझाडीमा बसाइ रहेका धेरैको वारि कृष्णपुर नगरपालिकामा खेती छ", उहाँले भन्नुभयो, "पुल बनेपछि यहाँका स्थानीय हर्षित छन् ।" उहाँले उक्त नदीमा पुल नहुँदा यहाँका स्थानीयहरू रोपाइको सिजनमा सास्ती खेप्दै आएको बताउनुभयो । पुल निर्माणका लागि लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभी कैलालीसँग रु. २४ करोड २२ लाख ५७ हजारमा ठेक्का सम्झौता भएको थियो । *(रासस)*



**प्रविधिको प्रयोग गरेर आलुखेती**
बाराको फेटागाउँपालिका-३ त्रिवेणीका किसान आधुनिक प्रविधिको प्रयोग गरेर आलु रोप्दै । किसान पारस ठाकुरले आलु रोप्ने र खन्ने मेसिन (पोटाटो प्लान्टर र पोटाटो डिगर) प्रविधिको प्रयोग गरेर खेती गर्दा परम्परागत खेती गर्दाभन्दा आधा खर्च जोगिने गरेको जानकारी दिनुभयो । *तस्बिर: हिमाल लम्साल/रासस*

# अवैध रूपमा सञ्चालित क्रसरबाट नुवाकोटका स्थानीयवासी पीडित, विद्यालय र अस्पताल झनै समस्यामा

**- रामहरि न्यौपाने**

त्रिशूली (नुवाकोट), १३ चैत । यहाँको विभिन्न स्थानमा सञ्चालित अवैध क्रसर उद्योगले स्थानीयवासी पीडित हुँदै आइरहेका छन् । नदी तथा खोलामा अवैध रूपमा उत्खननले तीव्रता पाइरहेका छन् । कानुनको अभाव र नियमनकारी निकायको कमजोरीका कारण प्राकृतिक स्रोतको दुरूपयोग गर्दै राजस्व सङ्कलनमा समेत छलकपट हुँदै आइरहेको छ ।

नुवाकोटको दक्षिणपूर्वमा पर्ने शिवपुरी पञ्चकन्या र लिखु गाउँपालिका हुँदै पश्चिमतर्फ बग्ने लिखु खोलाका विभिन्न स्थानमा सञ्चालनमा रहेका अवैध क्रसर उद्योगले स्थानीय जनताको स्वास्थ्यमा प्रतिकूल असर पुगेको भन्दै चौतर्फी विरोध भइरहेको छ । पूर्वपश्चिम मध्यपहाडी लोकमार्ग निर्माणका नाममा विभिन्न राजनीतिक दलको संरक्षणमा सञ्चालन भएका ती क्रसर उद्योगबाट करोडौँ रूपैयाँको नदीजन्य सामग्री ढुङ्गा, गिट्टी, बालुवाको दोहन हुनुका साथै उद्योग आसपासका बस्ती विपद्को जोखिममा परेका छन् ।

वर्षातको समयमा बाढीपहिरोको जोखिम त छँदैछ, हिउँदमा धुलो, धुवाँका कारण बस्नै कठिन भइरहेको स्थानीयको गुनासो छ । मध्यपहाडी लोकमार्गअन्तर्गत पर्ने उक्त क्षेत्रको सडकखण्ड निर्माण सम्पन्न भइसक्दा पनि स्थानीय जनप्रतिनिधि र राजनीतिक दलको संरक्षणका कारण आयोजनाको नाममा रहेका अवैध उद्योग विगत १० वर्षदेखि निरन्तर सञ्चालनमा छन् ।

अवैध उद्योग सञ्चालन भइरहँदा सोहीअनुसार प्राप्त हुनुपर्ने राजस्व सङ्कलनको लक्ष्य पनि अधुरै रहेको छ । समुदायको साझा सम्पत्तिका रूपमा रहेको खोला र नदी स्थानीय राजनीतिक दलको कमाउधन्दा भइरहेको भन्दै नियमनकारी निकायले समेत चासो नदिएको भन्दै प्रभावित स्थानीयवासीले गुनासो गरेका छन् ।

शिवपुरी गाउँपालिकाको अध्यक्ष गोविन्दप्रसाद थपलियाले राष्ट्रिय गौरवको आयोजनाका सडक बनाउन क्रसर उद्योग स्थापना भए पनि ती योजना सम्पन्न भइसक्दासमेत निरन्तर सञ्चालनमा रहेको स्वीकार गर्नुभयो । आयोजनाका नाममा लिएका अनुमतिबाट सञ्चालन रहेका उद्योग पालिकाले नियमनको प्रयास थाले पनि कानुनी अभावको समस्या रहेको उहाँको भनाइ छ । "सञ्चालित क्रसर उद्योगबाट उत्पन्न प्रदूषण र प्राकृतिक दोहनको विषयमा कुनै उजुरी र गुनासो लिखित रूपमा आएको छैन", अध्यक्ष थपलियाले भन्नुभयो, "उजुरी आए कारबाहीका लागि पालिका तयार छौँ ।"

आयोजनाको नाममा स्थापना भएका अस्थायी क्रसर उद्योगलाई निरन्तर सञ्चालनका लागि आवश्यक विद्युत् सिफारिसलगायत कार्य भने पालिकाको सहजीकरण कानुनको दायराभित्रै बसेर गरिएको उहाँले दाबी गर्नुभयो । तर उक्त सुविधा रोक्नुपर्ने स्थानीयवासीको माग छ । शिवपुरी-१ स्थित तलाखुबाट सुरु भएर जिल्लाको लिखु गाउँपालिका जोडिने स्थानसम्म करिब आधा दर्जन क्रसर उद्योग सञ्चालनमा छन् । अस्थायी रूपमा सञ्चालित ती उद्योग अवैध रहेको भन्दै स्थानीयले गुनासो गर्दै आइरहेका छन् । उद्योगको वार्षिक नवीकरण, सञ्चालनको अनुगमन, मापदण्डको पालनामा भने स्थानीय सरकारदेखि जिल्लास्तरीय अनुगमन समितिको समेत पहुँचभन्दा बाहिर छ ।

ती क्रसर उद्योगका लागि खोलाबाट निकालिने ढुङ्गा, गिट्टी र बालुवा कसले कुन प्रयोजनका लागि कहाँ लैजान्छन्, नियामक निकायलाई नै जानकारी नहुने अवस्था छ । आयोजनाका लागि अनुमति लिएका क्रसर उद्योगमा उत्पादित सामग्री सोही प्रयोजनका लागि मात्र उपयोग गर्न पाइन्छ । तर त्यसमा सम्बन्धित नियामक निकायबाट अनुगमन नहुँदा उत्खननदेखि निकासीसम्म अवैध गतिविधिले प्रश्रय पाएको हो ।

लिखु खोलाबाट अवैध रूपमा भइरहेको ढुङ्गा, गिट्टी र बालुवाको उत्खननले आफ्नो घर र खेत कटानको जोखिममा परेको शिवपुरी गाउँपालिका-५ स्थित शेरावगरका रविन कार्कीले दुःखेसो गर्नुभयो । निरन्तर खोलाबाट निर्माण सामग्री निकालिँदा खोलाको सतह भासिँदै गएको छ । खोला नजिकका खेतीयोग्य जमिन एवं बस्ती नदी कटानको उच्च जोखिममा परेका छन् । नदीमा तोकिएको मापदण्डभन्दा गहिराइसम्म पुगेर हुने उत्खननले नदीको सतह गहिएर किसानले सिँचाइ गर्न लगेका बाँधमा पानी



उक्लन नै छाडेको कार्कीले गुनासो छ ।

अवैध रूपमा भइरहेको नदीजन्य सामग्रीको उत्खननले खेतीयोग्य एक रोपनी खेत नै खोलाले बगाएको शिवपुरी-६ का साइलो तामाङको गुनासो छ । उहाँका अनुसार हिउँदयाममा खोलाको सतह सानो हुँदा गरिने अवैध उत्खननले बर्खायाममा आउने खोलाबाढीले बहाव परिवर्तन गर्दै बस्ती जोखिममा पारेको हो । आफू अन्यायमा परेको भन्दै स्थानीय जनप्रतिनिधिलाई बारम्बार गरेको ध्यानाकर्षणको कुनै चासो नदिएको उहाँले दुःखेसो पोख्नुभयो ।

नुवाकोटका विभिन्न स्थानमा सञ्चालनमा रहेका क्रसर उद्योगको वैधता भएनभएको अनुगमन गर्दै कारबाही अघि बढाउन लागिएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताउनुभयो । उहाँका अनुसार उद्योग सञ्चालनमा अनुमति दिने आयोजनासहितका निकाय, अनुगमनमा प्रत्यक्ष जोडिएका स्थानीय सरकारलगायतसँगको सहकार्यमा अवैध ठहरिएका उद्योग बन्द गरिनेछ ।

"केही स्थानबाट उद्योगको वैधता सम्बन्धमा आएका गुनासोलाई आधार मानेर जिल्लाभरका विवरण सङ्कलनमा लागेका छौँ", प्रजिअ रेग्मीले भन्नुभयो, "अनुमति दिने, उत्खनन र निकासीको ठेक्का लगाउने तथा राजस्व सङ्कलन गर्दै आएका विभिन्न निकायसँगको सहकार्यबाट अवैध देखिएकालाई बन्द गराउनेछौँ ।" शिवपुरी-५ शेरावगरमा विगत १० वर्षदेखि सञ्चालित क्रसर उद्योग अवैध रहेको सम्बन्धमा प्रशासनमा जानकारी नभएकाले आगामी दिनमा सबैलाई कानुनी दायरामा ल्याउन प्रतिबद्धता रहने उहाँले स्पष्ट पार्नुभयो ।

उक्त क्रसर उद्योगले स्थानीयवासीको स्वास्थ्यमा गम्भीर असर पुग्नेदेखि ध्वनि प्रदूषणका कारण दैनिक जनजीवन नै कष्टकर भएको स्थानीय कपिल गोतामेले गुनासो गर्नुभयो । "अवैध रूपमा लामो समयदेखि सञ्चालनमा रहेको क्रसर उद्योग नियामक निकायको कमजोरी र संरक्षण छ", उहाँले भन्नुभयो, "स्थानीयवासीले विभिन्न निकायमा गुनासो गर्दा कुनै सुनुवाइ हुन्न । अन्याय भयो भन्नेलाई नै उल्ट डर, त्रास देखाई आवाज बन्द गराइन्छ ।"

अस्थायी क्रसर सञ्चालनको अनुमति लिएका उद्योगहरूले धेरै वर्षदेखि नवीकरण नभई राजस्व छली गर्दै मापदण्डविपरीत सञ्चालनमा छन् । आयोजनाको तोकिएका क्षेत्रको काम सम्पन्नपश्चात् बन्द हुनुपर्ने ती उद्योग पछिल्लो १० वर्षदेखि चलिरहेका छन् ।

उद्योगको एक किलोमिटरको दूरीभित्रै विद्यालय, अस्पताललगायत संवेदनशील क्षेत्र छन् । कानुन कार्यान्वयन नहुँदा क्रसर उद्योगबाट निस्किएका धुलो र धुवाँ, उपकरणको ठूल्ठूलो आवाज तथा निर्माण सामग्री ओसार्न प्रयोग भएका हेभी उपकरणको आवतजावतले विद्यालय र अस्पताललाई प्रत्यक्ष असर पुगेको छ ।

अवैध रूपमा सञ्चालित क्रसर उद्योगलाई कानुनी दायरामा ल्याई व्यवस्थित गर्नका लागि विद्यालय र अस्पतालका तर्फबाट पटकपटक राखेको गुनासोको चाँडै सम्बोधन हुने आशामा स्थानीयवासी शान्त पर्खाइमा छन् । मागको सुनुवाइ नभए विरोधमा उत्रिएर आफूहरूले नै अवैध क्रसर उद्योग बन्द गराउन बाध्य हुने उनीहरूको चेतावनी छ । *(रासस)*

। सम्पादकीय ।

# प्रम र मन्त्रीहरू जिम्मेवार र कर्तव्यनिष्ठ हुनुपर्ने

संसद्मा बहुमतको आधारमा बालेन साहको नेतृत्वमा  चैत १३ गते रास्वपाको मन्त्रिपरिषद् गठन भयो । मन्त्रीहरूको कार्य विभाजन भयो । मन्त्रीको पद सम्हाल्नुको अर्थ आफ्नो मन्त्रालय जिम्मेवारी बहन गर्ने हो । कुन कुन मन्त्रालय कुन कुन मन्त्रीहरूको जिम्मेवारीमा परेको हो; सो अनुसार काम गर्नु उनीहरूको कर्तव्य हो । परराष्ट्र मामिलाबारे अध्ययन नगरेका, नबुझेका, किसानहरूको समस्या र समाधान गर्ने उपाय थाहा नभएका मन्त्रीहरूले आफ्नो जिम्मेवारी राम्ररी सम्हाल्न सक्दैनन् । शिक्षामन्त्रीले देशको शिक्षा व्यवस्था थाहा पाउनुपर्छ, शिक्षा क्षेत्रमा मन्त्रीले के के काम गर्नुपर्छ ? देशको स्वास्थ्य स्थिति के छ ? स्वास्थ्य सर्वसाधारण जनताको पहुँचसम्म पुऱ्याउन के के गर्नुपर्छ ? त्यसको खोजीनीति  गरी समाधानको निकास निकाल्नुपर्छ ।

गृहमन्त्री, रक्षामन्त्रीको काम, कर्तव्य र अधिकारबारे थाहा पाइएन भने प्रहरी प्रशासन व्यवस्थित ढङ्गले सञ्चालन गर्न सकिँदैन । कुनै पनि मन्त्रीहरू कसैको लहैलहैमा या भावावेगमा अघि बढ्नु उचित हुँदैन । आवेग र आक्रोशमा बोलेर, निर्देशन दिएर युवाको नाउँमा केटाकेटीपनको व्यवहार देखाउनु हुँदैन । मन्त्री हुनुको अर्थ कुर्सीमा विराजमान हुनुमात्र होइन । जोश, जाँगर र युवाका नाउँमा मन्त्रीहरू आवेश र आवेगमा कुदे दुर्घटना हुने सम्भावना हुन्छ । जनताले कुन मन्त्रीले के काम गरेर जनताको विश्वास जित्ने हुन्, आफ्नो मन्त्रालयबारे मन्त्रीहरूलाई के कति अवगत छ ? त्यो कुरा समयसँगै बिस्तारै खुल्दै जानेछ ।

निर्वाचन र घोषणापत्रमा वाचा गरेका प्रतिबद्धताहरू व्यवहारमा लागू हुन्छ हुँदैन; लागू गर्न सरकार अघि बढ्छ बढ्दैन, जनताले एक एक हिसाब किताब गरिरहेका हुन्छन् । सरकारमा नरहँदा यो भएन त्यो गरिएन भनी जसले जे कुरा उठाए अब गठित नयाँ सरकारले गर्नुपर्छ; बहुमत प्राप्त सरकारले कुनै पनि बहानामा यो र त्यो काम गर्न दिएन भनेर आफ्नो जिम्मेवारी पन्छाउन पाइँदैन । अब सरकारलाई काम गर्न कसैले बाधा हाल्दैन । तर, सरकारले देशघाती, जनघाती, देश र जनताको अहितमा काम गर्छ, ऐन-कानुन बनाउँछ भने सरकारमा नरहेका दल र जनताले विरोध गर्नुपर्छ ।

सरकारमा विभिन्न जनजातिका मन्त्रीहरू या संसद्मा विभिन्न जातजातिका सांसदहरू हुँदैमा जनताको हित हुन्छ भन्ने कुरा होइन । जनजातिको प्रतिनिधित्व विगतको सरकारमा पनि नभएको होइन । मुख्य कुरा जनजातिको प्रतिनिधित्व गर्ने सांसदहरूले आफ्नो जात, भाषा र धर्म हेर्ने होइन । समग्र देश र जनताको समस्या हेर्ने र बुझ्ने हो । देशमा शिक्षा र स्वास्थ्यमा के समस्या छ; कृषि, उद्योगमा के समस्या छ ? देशलाई आत्मनिर्भर बनाउन नसक्नुका कारणहरू के के हुन् ? त्यसको उचित पहिचान गरेर पूर्वाधार तयार गर्नुपर्छ । देशभर बिजुली पुऱ्याउने, उद्योग, कारखाना सञ्चालनमा टेवा पुऱ्याउनेतर्फ सरकारको ध्यान जानुपर्छ । युवाहरूले रोजगार नपाएर बेरोजगारको सङ्ख्या बढेको छ; भ्रष्टाचार, अनियमितता र कमिसनले देश गन्हाएको छ । शिक्षाको पहुँच दुर्गम र विकट जिल्लामा कसरी पुऱ्याउने, देशमै सबै विषय अध्ययन गर्न पाउने व्यवस्था कसरी गर्ने ? स्वास्थ्य उपचार गर्न नसकेर, नपाएर सर्वसाधारण जनताको ज्यान गइरहेको सन्दर्भमा स्वास्थ्य सेवा कसरी पुऱ्याउने भन्नेतर्फ सरकारको ध्यान जानुपर्छ ।

नयाँ सरकार गठन भइसकेपछि देश र जनताको हित र पक्षमा जनताले के के नयाँ नीति निर्णय गर्ला भन्ने आशा राख्नु स्वाभाविक हो । नयाँ काम भनी देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच पुग्ने, दूरगामी असर पर्ने कुनै पनि असमान सन्धि-सम्झौता गर्ने काम सरकारले गर्नुहुँदैन । बहुमत प्राप्त सरकारको जिम्मेवारी मनपरी गर्नु होइन; मनपरी शासन सञ्चालन गर्नु होइन । प्रजातन्त्रलाई जीवनपद्धतिको रूपमा अघि बढाउने हो । देशमा देखिएको बेथिति अन्त्य गर्ने हो । प्रधानमन्त्री र मन्त्रीहरूले जे जे सपथ खाएका छन्; त्यसलाई व्यवहारमा लागू गर्नुपर्छ । मुलुकको स्रोत र साधनलाई आफ्नो पेवा ठानेर मन्त्री र सांसदहरूले हालीमुहाली गर्ने होइन । सरकार देश र जनताको अवस्था या मुहार फेर्न अघि बढ्नुपर्छ ।

राजनीतिक संस्कार नभएका मन्त्री र सांसदहरू कतै नबुझेर, थाहा नपाएर चिप्लिएर लड्लान् भन्ने चिन्ता जनतामा हुनु पनि स्वाभाविक हो । सरकारको नेतृत्व गर्न जोश र जाँगर मात्र भएर पुग्दैन संस्कार, संस्कृति, दृष्टिकोण आवश्यक हुन्छ । दूरदर्शी हुनुपर्छ । देशको संविधान र ऐन कानुनको ख्याल गर्नुपर्ने हुन्छ । मन्त्री र सांसद भइसकेपछि केटाकेटी पाराले बोल्ने र जवाफ दिने होइन । हरेक क्षेत्रमा देश किन पछि पऱ्यो ? सरकारले युवाहरूलाई किन रोजगारको व्यवस्था गर्न सकेन; विकृति र विसङ्गति अन्त्य गर्न किन सकेन ? भन्ने प्रश्न स्वाभाविकरूपमा उठ्छ । अब प्रम बालेन्द्रको काँधमा मुलुकको बागडोर आएको छ । त्यो बागडोर निष्पक्ष ढङ्गले इमानदारीपूर्वक पूरा गर्नुपर्छ । सरकारले यतिबेला सान र मान खोज्ने होइन, ठुलो दल भनेर गर्व गर्ने होइन काम गर्ने हो; काम गर्न अघि बढ्ने हो । अब न्यायपालिकामा राजनीतिक हस्तक्षेप हुन्छ कि हुँदैन; परराष्ट्र नीतिमा रहेर काम गर्छ कि गर्दैन ? देश विगतमा झैँ शक्तिशाली देशहरूको उठबसमा नरहेर सिङ्गो नेपाल र नेपालीको पक्षमा काम गर्ने हो कि होइन भन्ने कुरा व्यापक जनताको चासोको विषय बनेको छ ।

# इरानले किन विश्वास गर्दैन अमेरिकालाई ?

✍ टेलिसुर

गत मङ्गलबार इरानको 'तेहरान टाइम्स' ले एउटा रिपोर्ट छाप्यो । सो रिपोर्टअनुसार सम्झौता वार्ता गर्ने अमेरिकाको प्रस्ताव तेहरानको नजरमा एक छलछाममात्र हो । वासिङटनले वार्तामा प्रगति भइरहेको बताए पनि 'यस्ता सन्देशहरू विश्वासिला' नभएको तेहरानको जोड छ ।

गत सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धरत दुई पक्षबिच 'एकदम राम्रो र उत्साहजनक वार्ता' भएको बताए । तर, इरानले यस्तो कुनै वार्ता नभएको स्पष्ट पाऱ्यो ।

यी बाझिने दाबीहरूले अमेरिका-इरान सम्बन्धमा भएको गहिरो अविश्वास प्रकट गर्छन् । वासिङटनकै कारण यसअघि महिनौँसम्म चलेको परोक्ष सम्झौता वार्ता तुहिएको थियो ।

तीन चरणमा भएको पछिल्लो वार्ता अकस्मात् फेब्रुअरी २८ गते टुङ्गियो । त्यो दिन अमेरिका र इजरायलले इरानमाथि संयुक्त आक्रमण गरे । युद्ध सुरु भयो ।

**बाझिने दाबी किन गरियो ?**

'सहमतिका मुख्य बुँदा' भन्दै सोमबार ट्रम्पले भने, "(इरान) सम्झौता गर्न चाहन्छ; शान्ति चाहन्छ ।" सम्झौता गर्नका लागि तेहरानले आफ्नो आणविक क्षमता पूर्णत: परित्याग गर्नुपर्ने ट्रम्पले बताए ।

सामाजिक सञ्जालको आफ्नो पोस्टमा ट्रम्पले लेखे, "संयुक्त राज्य अमेरिका र इरान देशबिच विगत दुई दिनमा मध्यपूर्वमा हामीबिचको आक्रामकताको पूर्ण समाधानका सम्बन्धमा राम्रो र उत्साहजनक वार्ता भयो भनी बताउन पाउँदा म खुसी छु ।"

इरानको सरकारी मिडियाले अमेरिकासँग कुनै शान्ति वार्तामा संलग्न नभएको स्पष्ट पारिसकेको छ । इरानका संसदीय प्रवक्ता मोहम्मद बाघेरले अमेरिकासँग कुनै सम्झौता वार्ता नभएको बताए । तेल बजारलाई 'आफू अनुकूल पार्न झूटो खबर' फैलाइएको उनले प्रस्ट्याए ।

इरानको एक अर्धसरकारी सञ्चारमाध्यमले ट्रम्पसँग कुनै प्रत्यक्ष वा परोक्ष सम्पर्क नभएको खबर छाप्यो । त्यस रिपोर्टमा इरानी विदेशमन्त्रीले ट्रम्पको टिप्पणीलाई '(सैन्य योजना बनाउने) फुर्सद निकाल्ने र ऊर्जाको मूल्य घटाउने प्रयास' बताए ।

अमेरिका र इरानबिच यसअघि हुने वार्ताहरू बिचमा बिथोलिँदै आएका थिए । अमेरिकाले वार्तामा प्रगति हुँदै छ



भन्थ्यो र अचानक वार्ता बिथोलिन्थ्यो ।

सन् २०२५ अप्रिलमा ओमनको मध्यस्थतामा उच्चस्तरीय परोक्ष वार्ता सुरु भयो । ओमनको मस्कट सहरमा त्यो वार्ता भएको थियो । वार्ताकारका रूपमा अमेरिकाको तर्फबाट स्टिभ विटकफ विशेष दूत थिए भने इरानको तर्फबाट विदेशमन्त्री अब्बास अराघची थिए । सन् २०२५ जून १३ सम्म अनेकौँ चरणमा वार्ता भए । यो क्रम इजरायल र अमेरिकाले अकस्मात् इरानका आणविक तथा सैन्य क्षेत्रहरूमा हमला नगर्दासम्म जारी थियो । त्यसपछि अमेरिका-इजरायल र इरानबिच बाऱ्हदिने युद्ध चल्यो ।

सन् २०२६ फेब्रुअरीमा वार्ता पुन: सुरु भयो । पहिले ओमनमा र पछि जेनिभामा गरेर धेरैपल्ट बैठक भयो । मध्यस्थकर्ताहरूले तेस्रो चरणको वार्ता फेब्रुअरी २६ गते हुने घोषणा गरे । उनीहरूले अघिका दुई चरणका वार्तालाई 'एकदम घनिभूत' र 'उल्लेख्य प्रगति' भने । प्राविधिक बैठकहरू भियनामा बस्ने योजनासमेत बन्यो ।

यसको ४८ घण्टा बित्दानबित्दै फेब्रुअरी २८ का दिन अमेरिका र इजरायलले वर्तमान युद्धको झिल्को बाले ।

**अविश्वास किन ?**

तेहरानका नजरमा वार्ता बिथोलिनु कुनै आकस्मिक घटना होइन । बरु, यो नियोजित परम्परा हो । ट्रम्पको पहिलो कार्यकालमा उनले अमेरिकालाई इरानसँगको आणविक सम्झौताबाट बाहिर निकालेका थिए । यो सम्झौतालाई 'संयुक्त विस्तृत कार्ययोजना' (JCPOA) भन्ने गरिन्थ्यो । यो सम्झौता सन् २०१५ मा भएको थियो । तर, ट्रम्पले २०१८ मे ८ को दिन अमेरिकालाई सम्झौताबाट बाहिर निकाले । जब कि अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले इरानले सम्झौताको पूर्ण कार्यान्वयन गरिरहेको पुष्टि गरिसकेका थिए । सम्झौताबाट बाहिरिएपछि वासिङटनले 'अधिकतम दबाब' को अभियानअन्तर्गत इरानमाथि कडा आर्थिक प्रतिबन्ध लगायो ।

सन् २०२० को आरम्भमा तनाव चर्कियो । अमेरिकाले इरानी जर्नेल कासिम सुलेमानीको हत्या गरेपछि तनाव चुलियो । यो हत्यालाई तेहरानले युद्ध मान्यो । त्यही भएर उसले 'संयुक्त विस्तृत कार्ययोजना' ले युरेनियम भण्डारणमा तोकेको सीमालाई तिलाञ्जली दियो ।

सन् २०२६ मा पुरानै चक्र दोहोरियो । तीन चरणमा वार्ता बसेपछि मध्यस्थकर्ताले वार्तालाई 'उत्साहप्रद' भने । तैपनि, अमेरिका र इजरायलले आक्रमण गरिहाले । यिनै घटनाक्रमका कारण इरानी नेताहरू वासिङटनलाई विश्वास गर्न नसकिने बताउने गर्छन् । अमेरिकी नेताहरूले पटक-पटक प्रतिबद्धता तोड्दै आएका छन् किनभने उनीहरू आफूलाई सैन्य हिसाबले सर्वोच्च ठान्छन् ।

ब्रुकिङ संस्थानका एक वरिष्ठ अध्येता माइकल ओहानलनले भने, "ट्रम्प दुई लक्ष्यबिच झुलेका छन् । उनी पूर्ण, स्थायी र पुष्टि गर्न मिल्ने आणविक नि:शस्त्रीकरण चाहन्छन्; युरेनियम भण्डारण गर्ने नै हो भने पनि नाममात्र गरोस् भन्ने चाहन्छन् । अर्कोतिर, उनी हर्मुज नाका खुलाउन पनि चाहन्छन् । यीमध्ये कुनै पनि मागमा इरान सहमत होला भन्ने लाग्दैन मलाई ।"

वास्तवमा ट्रम्पले खुलेरै इरानले आणविक कार्यक्रम बन्द गर्नुपर्ने माग गरेका छन् । किनभने, यो कार्यक्रम आणविक हतियार निर्माण गर्नका लागि हो भन्ने वासिङटनको बुझाइ छ । तर, इरानले शान्तिपूर्ण मनसाय राखी यो कार्यक्रम चलाएको बताएको छ ।


अन्य विश्लेषकहरूले इरान वार्ताको टेबलमा आउन तयार हुनेमा आशङ्का जाहेर गरे । इरानले आफूलाई महिनौँदेखि तयारी अवस्थामा राखेको हुनाले इरान सम्झौतामा नआउने उनीहरूको तर्क छ ।

***(स्रोत : एमआर अनलाइन । सम्यक)***

# अन्त्य हुनुपर्छ क्युवामाथिको आर्थिक हिंसा

✍ मार्क वेइसब्रोट

भियतनाम युद्धमा अमेरिकी सैन्य वृद्धिको समयमा मार्टिन लुथर किङ जुनियरले भनेका थिए, अमेरिकी सरकार 'संसारमा हिंसाको सबैभन्दा ठुलो प्रवर्तक' हो । त्यसपछिका वर्षमा अमेरिकी सरकारले आफ्नो उद्देश्य प्राप्त गर्न घातक हिंसा बढाउने नयाँ विधिको द्रुत विकास गरेको छ, व्यापक, एकपक्षीय आर्थिक प्रतिबन्ध । ल्यान्सेट ग्लोबल हेल्थ मेडिकल जर्नलद्वारा प्रकाशित एक अध्ययन (मैले अर्थशास्त्री फ्रान्सिस्को रोड्रिगेज र सिल्भियो रेन्डोनसँग सहलेखन गरेको थिएँ) मा अनुमान गरिएको छ, एकपक्षीय प्रतिबन्धले वार्षिक लगभग पाँच लाख ६४ हजारको ज्यान लिन्छ । यो सशस्त्र द्वन्द्वबाट हुने विश्वव्यापी वार्षिक मृत्युसँग तुलना गर्न सकिन्छ । अहिले हामी वास्तविक समयमा देख्न सक्छौँ कि यस्ता मृत्यु कसरी हुन्छन् ? 'अमेरिकी तेल नाकाबन्दीअन्तर्गत क्युवामा जीवन रोकिएको छ,' केही दिनअघि वाल स्ट्रिट जर्नलको शीर्षक थियो । केही समयअघि भेनेजुयलाको तेल उत्पादनमा नियन्त्रण गरेपछि अमेरिकाले क्युवाको सबैभन्दा ठुलो आपूर्तिकर्ता भेनेजुयलाबाट तेल नाकाबन्दी गऱ्यो । लगत्तै राष्ट्रपति डोनाल्ड ट्रम्पले एक कार्यकारी आदेश जारी गरे, जसमा क्युवामा तेल वा पेट्रोलियम उत्पादन निर्यात गर्ने विश्वको




कुनै पनि देशमा कर लगाउने धम्की थियो । यस महिना क्युवाको तेल आयात लगभग शून्यमा झरेको छ ।

तेल आयातमा आएको गिरावटले तत्काल जीवन जोखिममा पार्ने देखिन्छ । क्युवाको ८० प्रतिशतभन्दा बढी बिजुली तेलबाट उत्पादन हुन्छ । क्षमता घट्दै जाँदा ब्ल्याकआउट पहिले नै बढेको छ । अस्पताल, स्वास्थ्य सेवा र औषधिको उपलब्धता अवरुद्ध भएको छ । संयुक्त राष्ट्र मानव अधिकार उच्चायुक्तले पिउने पानी र सरसफाइसहित पानीको आपूर्तिको क्षतिबाट 'क्युवाका जनताको मानव अधिकारमा गम्भीर प्रभाव' पर्ने चेतावनी दिएका छन् । इन्धन अभावका कारण सहायता ढुवानीको वितरण पनि अवरुद्ध भएको छ- जसबाट खाद्यान्नको व्यापक अभाव र मूल्यवृद्धि भएको छ । ट्रम्पको कार्यकारी आदेश, सबै एकपक्षीय अमेरिकी प्रतिबन्धजस्तै अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत अवैध छ । यसले अमेरिकी कानुनको पनि प्रत्यक्ष उल्लङ्घन गर्छ, किनकि क्युवाली सरकारले अमेरिकी नागरिकका लागि कुनै 'राष्ट्रिय आपत्काल' सिर्जना गरेको छैन वा अमेरिकी राष्ट्रिय सुरक्षाका लागि कुनै 'असामान्य र असाधारण खतरा' पनि सिर्जना गरेको छैन ।

वासिङटनले ६७ वर्षमा देशको सबैभन्दा खराब आर्थिक सङ्कटका लागि क्युवालाई दोष दिन खोजिरहेको बेला हालका प्रतिबन्ध निर्मम देखिन्छन् । जनवरी २०२१ मा ट्रम्प प्रशासनले क्युवालाई आतङ्कवाद प्रायोजन गर्ने राज्यका रूपमा पुन: सूचिकृत गर्ने निर्णय गऱ्यो । सन् १९८२ देखि २०१५ सम्म क्युवालाई यस्तै सूचिकृत गरिएको थियो । राष्ट्रपति बाराक ओबामाले आफ्नो कार्यकालमा क्युवालाई उक्त सूचीबाट हटाए । उसलाई सूचिकृत गर्ने कहिल्यै कुनै तथ्यात्मक आधार थिएन । तर, यसले क्युवाको पर्यटन उद्योगमा गहिरो नकारात्मक प्रभाव पाऱ्यो, किनभने यसले

***बाँकी पृष्ठ ८ मा***


# १९११ को क्रान्ति - ३

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

**पहिलो विश्वयुद्धमा चीन**

सन् १९१४ अगष्ट महिनामा युरोपमा साम्राज्यवादीहरूले पहिलो विश्वयुद्ध सुरु गरे । जर्मनीले कियाओचौ-सिनान रेल्वे (Kiaochou-Tsinan Railway) र छिन्ताओ (Tsintao) बन्दरगाह लियो भन्ने निहुँ थापेर जापानले चीनको उत्तरपूर्वको शान्तुङ प्रान्तमा आफ्नो सेना उतार्‍यो । त्यस जापानी हमलाको विरोधमा युआन शिकाईले कुनै प्रतिकार गरेनन् । जापानले उसको सम्राट बन्ने महत्त्वाकाङ्क्षा बुझेर उसलाई समर्थन गर्न १९१५ को जनवरी महिनामा २१ वटा मागहरू अघि सार्‍यो । जर्मनीले पहिले लिएको शान्तुङ सबै जापानलाई हस्तान्तरण गर्ने, लियाओनिङ र किरिन तथा पूर्वी भित्री मङ्गोलियामा जापानको विशेष अधिकारलाई मान्यता दिने, तायेह (Tayeh) हुपेहको फलामखानी पिङसियाङ (Pinghsiang), क्याङसीका कोइलाखानी जापानसँग संयुक्तरूपले चलाउने, जापानलाई भन्दा अरू कुनै शक्तिलाई चीनले कुनै बन्दरगाह, खाडी वा टापुलाई चीनको समुद्री किनारा ठेक्कामा दिन नपाउने चीनमा राजनैतिक, वित्तीय र सैनिक सल्लाहकारहरू राख्ने, चीनको महत्त्वपूर्ण ठाउँहरूमा प्रहरी विभागहरूमा जापानी संयुक्त प्रशासन तैनाथ गर्ने, चीनको सैनिक खर-खजाना संयुक्त कारबाहीअन्तर्गत राख्ने र फुकिनको रेल्वे निर्माणमा र खानीहरू दोहन गर्ने लगानीमा जापानलाई प्राथमिकता दिने सम्झौता गर्नेजस्ता सर्त थिए । जापानका २१ वटा ती सर्तहरू स्वीकार्ने हो भने चीन पूर्णरूपले जापानको उपनिवेशको स्तरमा पुग्ने थियो ।



सन् १९११ को क्रान्तिविरुद्ध संरा अमेरिकी साम्राज्यवादको साङ्घाइमा सेना उतारेको थियो ।

आफू सम्राट हुन युआन शिकाईले जापानको झन्डै सबै माग स्वीकारे । तर, त्यसैबेला उसका अमेरिकी सल्लाहकार फ्रायङ्क जे गूडनाउ (Frank J Goodnow) ले चीनको निम्ति राजतन्त्र सबभन्दा उपयुक्त भएको हास्यास्पद सिद्धान्त अगाडि सार्‍यो । १९१५ अक्टोबर महिनामा युआन शिकाईले 'नागरिकहरूको सम्मेलन' बाट जनमतसङ्ग्रह गर्ने निर्णय गर्न निर्देशन दिए । त्यस सम्मेलनको 'एकमत' ले चीनको गणतन्त्रलाई 'चिनियाँ सम्राट' मा परिवर्तन गरी संवैधानिक राजतन्त्र पारित गर्‍यो । १ जनवरी १९१६ मा उसले आफू चीनको राजाको गद्दीमा बस्ने उद्देश्यले १९१५को डिसेम्बरमा 'राज्याभिषेकको तयारी समिति' पेइचिङमा स्थापना गर्‍यो ।

जापानी साम्राज्यवादी बर्बर लुट र युआन शिकाईको विश्वासघाती अपराधहरूको विरोधमा चिनियाँ जनताको आक्रोश बढ्दै गयो र युआन शिकाईलाई सजाय गर्ने आह्वान देशभरि गुञ्जियो । जुलाई १९१४ मा युआन शिकाईलाई फालेर पुँजीवादी गणतन्त्र पुनः स्थापना गर्न जापानमै बसेर सन यात सेनले चिनियाँ क्रान्तिकारी पार्टी (Chung Hua Keh Ming Tang) स्थापना गरे । तर, कमजोर सङ्गठन भएको हुँदा व्यापक जनताको माझ जानुपर्ने अनुभव गरे । डिसेम्बर १९१५ मा युनान प्रान्तले युआनको केन्द्रीय सरकारबाट स्वतन्त्र घोषणा गरी राष्ट्रिय मुक्ति सेना (Army of National Salvation) मार्फत दण्ड दिने सङ्घर्ष सुरु गरे । क्वीचाउ, क्वाङसी र अन्य प्रान्तहरूले पनि त्यही बाटो लिए । युआनविरोधी त्यो आन्दोलन मार्च १९१६ सम्म पुग्दा उसलाई राजगद्दीको दाबीलाई त्याग्न बाध्य पार्‍यो । तर, उसले आफ्नो राष्ट्रपति पदलाई दाबी गरिरहेको हुँदा राष्ट्रिय मुक्ति सेनाले आफ्नो सङ्घर्ष चालु राख्यो तथा १९१६ अप्रिल महिनामा क्वाङतुङ प्रान्तले स्वतन्त्र घोषणा गरी युआनको समर्थनमा रहेको चेक्याङ, सिचुवान र हुनान प्रान्तले पनि स्वतन्त्र घोषणा गर्‍यो र केही समयपछि उसको मृत्यु भयो ।

**जापानी साम्राज्यवाद रङ्गमञ्चमा**

युआन शिकाईको मृत्युपछि लि युआन हुङ (Li Yuan Hung) राष्ट्रपति भए तथा त्वान चि चुई (Tuan Chi Jui) प्रधानमन्त्री भए । केही समयको निम्ति अन्तरिम संविधान पुनःस्थापित भयो तथा वास्तविक शक्ति त्वान चि चुईको हातमा गयो । धेरैपटक युआनको पालामा युद्धमन्त्री वा रक्षामन्त्री पनि भइसकेकोले उसको प्रभाव बढेको थियो । १९१७ को वसन्तमा उसले जापानी साम्राज्यवादको निर्देशनमा जर्मनीसँग सम्बन्ध विच्छेद गर्‍यो र युरोपमा चलिरहेको युद्धमा चीनलाई सामेल गर्‍यो । तर, चीनमा जापानको सट्टा अमेरिकी प्रभुत्व कायम गराउन राष्ट्रपति बनेका लि युआन हुङले चीन युद्धमा मुछिनुहुन्न भनी संसद्को समर्थन पाएर त्वानलाई पदच्युत गरे । त्वानले विभिन्न प्रान्तका युद्ध सरदारहरूलाई उचालेर संसद्लाई विघटन गर्न बाध्य पारे । त्यसपछि चाङ सुन (Chang Hsun) ले आफ्नो सेना पेइचिङ पठाए र लि युआन हुङलाई राजीनामा दिन बाध्य पारे तथा गद्दीबाट हटाइएको छिङ वंशको केटो सम्राट सुआन तुङ (Hsuan Tung) लाई पुनः गद्दीमा बसाले । केही समयपछि त्वानले युद्ध सर्दार चाङ सुन (Chang Hsun) माथि हमला गरी धपाए र उनी पुनः प्रधानमन्त्री भई 'गणतन्त्रको रक्षक' घोषणा गरे । जापानकै निर्देशनमा उनले पुनः जर्मनी र अस्ट्रो-हङ्गेरीको विरोधमा युद्ध घोषणा गरे ।

युद्धको घोषणाले युरोपेली साम्राज्यवादीहरूका क्षेत्रहरूमा त्वान सरकारले प्रभुत्व जमायो र जापानसँग मिल्यो । जापानले त्वानलाई ५० करोड येन ऋण दिएर उत्तरपूर्वी चीन र भित्री मङ्गोलियाका खनिजहरू र जङ्गल हात पार्‍यो । युआन शिकाईजस्तै त्वान पनि चीन कब्जा गर्ने योजनामा जापानको ज्यावल बन्यो । त्वानले आफू बलियो हुन अन्तरिम संविधान खारेज गरे, संसदीय सङ्गठनलाई संशोधन गरे र आफूले नियन्त्रण गर्ने गरी नयाँ संसद्को निर्वाचन गराए ।

त्वानका ती कदमको विरोधमा दक्षिण-पश्चिमका क्वाङतुङ, क्वाङसी र युनानले पेइचिङ सरकारसँग स्वतन्त्र घोषणा गरे । सन् १९१७ मा सन यात सेनले त्वानको विरोधमा साङ्घाईबाट क्वाङतुङमा एक जलसेनाको नेतृत्व गरी 'अन्तरिम संविधान' पुनःस्थापित गर्न दक्षिण-पश्चिम प्रान्तका नेताहरूसँग मिलेर आफू सर्वोच्च कमान्डर भई एक सैनिक सरकार स्थापना गरे ।

तर, दक्षिणका युद्ध सरदारहरूले पनि त्वान चि चुईबाट शक्ति आफ्नो हातमा लिन मात्रै 'संविधान' लाई मानेका थिए र तिनीहरूले फेरि आफ्नो बाटो पहिल्याए । सन यात सेन पुनः त्वानलाई फाल्ने आन्दोलनमा असफल भए ।

**चीनमा पुँजीवादको द्रुततर विकास**

युरोपेली साम्राज्यवादीहरू पहिलो विश्वयुद्धमा फसिरहेका बेला चीनले पुँजीवादको द्रुततर विकासको अवसर पायो । सन् १९१३ देखि १९१९ सम्ममा चिनियाँ कपास कारखानाका ६ लाख ५० हजार लट्टाइँहरू (Spindles) बाट ११ लाख ७० हजार अर्थात् ८० प्रतिशतले वृद्धि गर्‍यो । चिनियाँ लुगा बुन्ने तान (Looms) ४ हजार ६ सयबाट ९ हजार ४ सय अर्थात् १०५ प्रतिशतले वृद्धि भयो । पिठो मिलहरू पनि बढेर विदेशमा पनि निर्यात गर्न सक्ने स्थितिमा पुग्यो । त्यस्तै रेशम, चुरोट, सलाइ, कपडा रङ्गाउने ( Dyestuf) र अन्य उद्योगहरू अगाडि बढ्यो । साङ्घाई, थेनचिन (Tientsin), उहान (Wuhan) र छिङताओ (Tsingtao) जस्ता मुख्य मुख्य सहरहरूमा हलुका उद्योगहरू केन्द्रित हुँदै गयो ।

युरोपेली साम्राज्यवादीहरू आपसमा लडिरहेको बेला जापान र संरा अमेरिकाले चीनमाथि आक्रमण गर्दै चीनमा जापानको कपास कारखाना २ लाख ३० हजार लट्टाइँहरूबाट ४ लाख ५० हजार अर्थात् ६५ प्रतिशतले वृद्धि गर्‍यो र ३ हजार ५ सय तानबाट ४ हजार ३ सय अर्थात् २३ प्रतिशतले वृद्धि गयो ।

**सर्वहारावर्ग र नयाँ संस्कृतिको विकास**

त्यही अवधिमा चिनियाँ औद्योगिक मजदुरहरूको सङ्ख्या ६ लाख ५० हजारबाट २० लाख पुग्यो । चिनियाँ सर्वहारावर्ग नगरहरूमा केन्द्रित थियो र तिनीहरू साम्राज्यवादीहरू, सामन्ती शासकवर्ग र राष्ट्रिय पुँजीपतिवर्गबाट शोषित थिए । तिनीहरू कम ज्याला र सार्‍है नराम्रो वा उकुसमुकुस हुने वातावरणमा १४ देखि १८ घण्टासम्म काम गर्न बाध्य थिए । तिनीहरू जाँचकी र मालिकलाई चिप्लो घस्नेहरूबाट लट्ठी, डण्डा, कोर्रा र यातनाका अन्य ज्यावलहरूबाट पीडित थिए तथा महिला र केटाकेटीहरू झन् शोषित र पीडित थिए । सानो निहुँ पाउनासाथै मालिकहरूले मजदुरहरूलाई पिट्थे र ज्याला कटाउँथे । तिनीहरूको क्रुर व्यवहारको विरोध गर्ने मजदुरहरूलाई बेला मौकामा साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादी शासकहरूले हत्यासम्म गर्थे ।

चीनको पुँजीवादी कारखाना व्यवस्थाको सुरुमा सर्वहारावर्ग साम्राज्यवादीहरू, सामन्ती शासकहरू र चिनियाँ पुँजीपतिवर्गबाट शोषित पीडित थिए । आनयुआन (Anyuan Colliery) र क्याङसी कोइलाखानी मजदुरहरूले १९११ को क्रान्तिमा पनि भाग लिएका थिए । १९१३ मा हानयान (Hanyan Arsenal) को हातहतियार र गोलीगट्ठा कारखानामा ज्याला घटाएकोमा हडताल गरेका थिए । सन् १९१५ देखि हडतालहरू बरोबर हुन थाल्यो र आकार पनि बढ्दै गयो । त्यसबेला चीनमा मार्क्सवादी-लेनिनवादी विचारहरू फैलिनसकेको हुँदा र अगाडि बढेको क्रान्तिकारी सिद्धान्तबाट निर्देशित नहुँदा मजदुर सङ्गठनहरूका सङ्घर्षहरू स्वयम्स्फूर्त र आर्थिक स्वभावको हुन्थ्यो । तैपनि, सर्वहारावर्गको वृद्धि र वर्गसङ्घर्षको आन्दोलनको द्रुततर विकासले क्रान्तिकारी सर्वहारावर्गको पार्टी चीनको कम्युनिस्ट पार्टीको स्थापनामा योगदान गर्‍यो ।

राष्ट्रिय पुँजीवादको द्रुततर विकास तथा सर्वहारावर्गको वृद्धिले चिनियाँ जनतामा बौद्धिक जागरणबाट नयाँ सांस्कृतिक आन्दोलनको



सन् १९११ को क्रान्तिका ७२ वीर सहिदहरूको समाधिस्थल

विजारोपण भयो । नयाँ सांस्कृतिक आन्दोलनलाई अगाडि बढाउने उद्देश्यले सन् १९१५ मा स-साना पुँजीवादी बुद्धिजीवीहरूको एक समूहले 'नयाँ युवा' (Hsin Ching Nun) पत्रिका प्रकाशनमा ल्यायो । त्यसले प्रजातन्त्र र विज्ञानको पक्षमा प्रचार गर्‍यो तथा सामन्ती निरङ्कुशतन्त्र र अन्धविश्वासलाई खण्डन गर्थ्यो । त्यस समूहले साहित्यको सामन्ती शैली र रचनाको पुरानो शैलीको विरोध गर्थ्यो तथा नयाँ साहित्यको प्रचार गर्थ्यो तथा नयाँ क्रान्तिकारी विचारहरू प्रचार गर्ने उद्देश्यले सरल स्वदेशी लेखन शैलीलाई प्रचार गर्थ्यो ।

नयाँ साहित्यको आन्दोलनका अग्रदूतहरूमध्ये लि ता चाओ (Li Ta-Chao), चेन तु स्यू (Chen Tu Hsiu), लू सून (Lu Hsun) र अरूहरू थिए । तिनीहरूले गहिरो भावनाका साथ सजीव र जोशिलो शैलीबाट लेखहरू लेख्थे, चीनका नवयुवाहरूले आफूलाई परिवर्तन गर्न आह्वान गर्थे, प्रगतिलाई बढावा दिन्थे, पुरानो सामन्ती समाजको ठाउँमा नयाँ प्रजातान्त्रिक देशमा रूपान्तरण गर्न परम्परागत सित्रीहरूलाई चुँडाल्न आह्वान गर्थे ।

सन् १९१७ को नोभेम्बर महिना र पुरानो रुसी पात्रअनुसार अक्टोबर महिनामा बोल्शेविक पार्टीको नेतृत्वमा रुसी मजदुर र किसानहरूले महान् समाजवादी क्रान्तिको विजय प्राप्त गरे । तिनीहरूले पुँजीपतिहरू र जमिनदारहरूको शासनलाई फालेर संसारमा पहिलो सर्वहारा हुकुमलाई स्थापित गरे । अक्टोबर क्रान्तिको विजयले मानव जातिको जीवनको एक ऐतिहासिक घुम्ती दियो । समाजवादी सरकारले केही समयमै जारकालीन रुसले गरेको चीनसँगका सबै असमान सन्धिहरूलाई खारेज गर्‍यो र चीनमाथि जारका साम्राज्यवादीहरूले थोपरेका सबै सन्धिका विशेषाधिकार रद्द गर्‍यो । त्यसबाहेक सोभियत राज्यले राष्ट्रिय स्वाधीनताको निम्ति चीनले गरेको आन्दोलनलाई समर्थन गर्ने घोषणा गर्‍यो । यी मैत्रीपूर्ण अभिव्यक्तिहरूले चिनियाँ जनताको न्यानो समर्थन सोभियत सङ्घले प्राप्त गर्‍यो ।

अक्टोबर क्रान्तिको प्रभावबाट चिनियाँ बुद्धिजीवीहरू समाजवादतिर आकर्षित हुन थाले । नयाँ सांस्कृतिक आन्दोलनका धेरै नेताहरूले मार्क्सवाद-लेनिनवादलाई अँगाले तथा चीनले रुसको बाटोको वकालत गरे साथै रुसी क्रान्तिको उदाहरणबाट सिक्ने अठोट चीनमा देखापर्‍यो ।

सन् १९१८ मा लि ता चाओले 'साधारण जनताको विजय' र 'बोल्शेविकवादको विजय' भन्ने दुई रचना प्रकाशित गरे । उनले ती रचनाहरूमा सार्‍है उत्साहका साथ अक्टोबर क्रान्तिलाई स्वागत गरे । उनका रचनाका केही चर्चित हरफहरू हुन्, "१९१७ को रुसी क्रान्ति २० औँ शताब्दीको विश्वक्रान्तिको अग्रीम सूचना हो ।"

"भविष्यको संसारलाई हेर ! यो संसारको रातो झन्डा हुनेछ ।"

**पुरानो प्रजातान्त्रिक क्रान्तिको अन्त**

रुसको अक्टोबर समाजवादी क्रान्तिले चिनियाँ पुँजीपतिवर्गको पुरानो प्रजातान्त्रिक क्रान्तिको अन्त र सर्वहारावर्गको नेतृत्वमा हुने नयाँ प्रजातान्त्रिक क्रान्तिको बाटो देखायो ।



सिचुवानमा अवस्थित सन् १९११ को क्रान्तिको सहिद स्मारक

सन् १८४० को अफिम युद्धदेखि १९१९ को मई ४ को आन्दोलनसम्मको अवधि चीनलाई अर्ध-उपनिवेश र अर्धसामन्ती देशमा फेर्न चिनियाँ सामन्ती शक्तिहरूसँग मिलेर विदेशी आक्रामकहरू एक भई काम गरे । यो नै विदेशी आक्रामकहरू र घरेलु सामन्ती शक्तिहरूको विरोधमा चिनियाँ जनताका सबै जाति-जनजातिहरूको दृढ सङ्घर्षको इतिहास हो ।

यस अवधिमा चिनियाँ जनताले आफ्ना पुर्खाहरूको गौरवपूर्ण क्रान्तिकारी परम्पराहरूलाई चालु राखे तथा तिनीहरूले महान् सङ्घर्षहरूमा आ-आफ्ना अविचलित भावनालाई प्रदर्शित गरे । बारम्बार तिनीहरू असफल भए । पछिल्ला घटनाहरूले मार्क्सवाद-लेनिनवादको निर्देशनमा र चिनियाँ मजदुरवर्गको नेतृत्वमा तथा यसका अग्रदूत चिनियाँ कम्युनिस्ट पार्टीको मातहतमा मात्रै सफलता हासिल हुन्छ भन्ने प्रमाणित गर्‍यो । साम्राज्यवाद र सामन्तवादमाथि अन्तिम विजय पाउन सक्ने यो मात्रै एउटा उपायबाट चिनियाँ जनताले विजय प्राप्त गर्न सक्यो ।

***स्रोत : चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू***

***समाप्त***

# बहराइन र यूएई होटलमा अमेरिकी सैनिकको उपस्थिति : इरानको कडा प्रतिक्रिया



इरानी प्रतिरोध ट्रु प्रमिस-४ को ८३ औं लहरअनुसार मिसाइल प्रहार

तेहरान, २७ मार्च (सिन्ह्वा)। इरानले बहराइन र संयुक्त अरब इमिरेट्स (यूएई) का होटल मालिकहरूलाई यदि उनीहरूले अमेरिकी सैनिकहरूलाई आफ्नो होटलमा राखे भने त्यसको नकारात्मक परिणाम हुन सक्ने चेतावनी दिएको छ। अर्ध-सरकारी फार्स न्यूज एजेन्सीले बिहीबार यो जानकारी प्रकाशित गरेको छ।

एजेन्सीको रिपोर्ट अनुसार, अमेरिकी सैनिकहरूले हाल इरानी क्षेप्यास्त्र आक्रमण र क्षेत्रीय सहयोगी समूहहरूसँगको संयुक्त अपरेसनको परिणामस्वरूप क्षेत्रका केही होटलहरूमा शरण लिएका छन्। चेतावनी अनुसार, कुनै पनि स्थलमा विदेशी सैनिकको उपस्थिति कायम रह्यो भने त्यसको असर तुरुन्तै देखिन सक्छ।

इरानले अमेरिकी सैनिकहरूलाई नागरिक स्थलमा शरण लिनु गलत भएको भन्दै यसले क्षेत्रीय सुरक्षामा जोखिम निम्त्याउने बताएको छ। प्रतिवेदनमा अमेरिकी सैनिकहरूले पुरानो विमानस्थल नजिकको ला'जिस्टिक्स बेस, दमास्कसको रिपब्लिक प्यालेस, फोर सिजन्स र शेराटन होटलजस्ता स्थलहरूमा उपस्थिति कायम गरेका छन्। यसै साता अमेरिकी जलसैनिक कमाण्डो इस्तानबुल र सोफियाबाट जिबुटी अन्तर्राष्ट्रिय विमानस्थलमा सारिएका थिए।

इरानका विदेशमन्त्री सय्यद अब्बास अराघ्चीले गल्फ अरब देशका होटलहरूलाई अमेरिकी सैनिकहरूलाई बसाउन नदिन चेतावनी दिनुभएको छ। उहाँले सामाजिक सञ्जाल एक्समा लेख्नुभयो, "युद्धको सुरुदेखि अमेरिकी सैनिकहरूले आफ्नो बेसहरू छोडेर होटल र कार्यालयहरूमा शरण लिइरहेका छन् र स्थानीय नागरिकलाई 'मानव ढाल' को रूपमा प्रयोग गरिरहेका छन्। अराघ्चीले अमेरिकी अभ्याससँग तुलना गर्दै गल्फ देशका होटलहरूले पनि त्यस्तै सुरक्षा मानक अपनाउन आग्रह गर्नुभएको छ।"

फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले तेहरानसहित अन्य इरानी सहरहरूमा संयुक्त हमला गर्दा तत्कालीन सर्वोच्च नेता अली खामेनी, वरिष्ठ सैन्य कमाण्डर र नागरिकहरू मारिएका थिए। इरानले त्यसपछि इजरायल र अमेरिकी बेसहरूमा क्षेप्यास्त्र र ड्रोन हमलाहरू गरेको थियो र स्ट्रेट अफ होर्मुजमा नियन्त्रण कडा बनाउँदै इजरायली तथा अमेरिकी पोतहरूको आवागमन रोकिएको थियो।

यो कदमले इरानको सैन्य चेतावनी र क्षेत्रीय तनावलाई अझ बढाएको छ। विशेषज्ञहरूले यदि होटलहरू अमेरिकी सैनिकलाई बसाउन रोक्न असफल भए, त्यसले सम्भावित जोखिम बढाउन सक्ने चेतावनी दिएका छन्।

# सहकार्य बढाउन अमेरिका–चीनको पहल

पेइचिङ, २७ मार्च (एएफपी)। विश्वका दुई ठुला अर्थतन्त्रबिच सम्बन्ध सुधार्ने सङ्केत देखिँदै जाँदा चीनले संयुक्त राज्य अमेरिकासँग आर्थिक तथा व्यापारिक सहकार्यलाई अझ सुदृढ बनाउन चाहेको स्पष्ट गरेको छ। प्रतिस्पर्धालाई सहकार्यसँग सन्तुलनमा राख्ने प्रयासस्वरूप संरा अमेरिकाले 'द्वेषपूर्ण प्रतिस्पर्धा' बाट टाढा रहनुपर्नेमा पेइचिङले जोड दिएको छ।

चीनका वाणिज्यमन्त्री वाङ वेन्टाओले अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियरसँग भएको भेटमा बहुपक्षीय र क्षेत्रीय व्यापार सहकार्यलाई विस्तार गर्न चीन इच्छुक रहेको बताउनुभयो। वाणिज्य मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार उहाँले दुई देशबिचको सम्बन्धलाई प्रतिस्पर्धा र सहकार्यबिच सन्तुलित ढङ्गले अघि बढाउनुपर्ने र टकरावपूर्ण प्रतिस्पर्धाबाट बच्नुपर्ने धारणा राख्नुभयो।

दुवै पक्षबिचको यो भेट क्यामरुनको राजधानीमा आयोजित विश्व व्यापार सङ्गठन (डब्लुटिओ) को मन्त्रिस्तरीय सम्मेलनको साइडलाइनमा बिहीबार भएको हो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सम्भावित पेइचिङ भ्रमणभन्दा दुई महिनाभन्दा कम समयअघि भएको यो संवादलाई महत्त्वपूर्ण रूपमा हेरिएको छ।

गत वर्ष अक्टोबरमा युद्धविराममा सहमत हुनुअघि अमेरिका र चीनबिच चर्को व्यापार युद्ध चलेको थियो। त्यसपछि पनि सम्बन्ध पूर्ण रूपमा सहज बन्न सकेको छैन। यस महिनाको सुरुमा पेरिसमा अमेरिकी अर्थमन्त्री स्कट बेसेन्ट र चिनियाँ उपप्रधानमन्त्री हे लिफेङबिच भएको उच्चस्तरीय वार्ताले केही हदसम्म तनाव कम गर्ने सङ्केत दिएको थियो।

यद्यपि, अमेरिकी कर नीतिहरू, चीनतर्फ झुकेको व्यापार सन्तुलन र उन्नत प्रविधिको निर्यातमा अमेरिकाले लगाएको प्रतिबन्धजस्ता विषयहरू अझै विवादका मुख्य कारण बनेका छन्। यसै सन्दर्भमा वाङ वेन्टाओले हालै सुरु गरिएको अमेरिकी व्यापार अनुसन्धानप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभयो।

उक्त अनुसन्धानले चीनसहित करिब ६० अर्थतन्त्रलाई समेट्दै 'जबरजस्ती श्रमविरुद्ध प्रभावकारी कारबाही भए/नभएको' तथा यसले अमेरिकी व्यापारमा नकारात्मक असर पारेको छ कि छैन भन्ने विषयमा अध्ययन गर्ने जनाइएको छ। यसले आगामी दिनमा नयाँ कर लाग्ने सम्भावनालाई पनि सङ्केत गरेको छ।

यसबिच, ह्वाइट हाउसले राष्ट्रपति ट्रम्पको पेइचिङ भ्रमण मे १४-१५ का लागि तय गरिएको जनाएको छ। मध्यपुर्वमा जारी युद्धका कारण केही समय पछि सारिएको यो भ्रमणलाई दुई देशबिचको सम्बन्ध सुधारका लागि महत्त्वपूर्ण अवसरका रूपमा हेरिएको छ।

# इरानमाथि हवाई हमलाबारे शुक्रबार बैठक हुने : रुसी सरकारी मिडिया

मस्को, २७ मार्च (एएफपी)। संयुक्त राष्ट्र सुरक्षा परिषद्ले रुसी अनुरोधमा शुक्रबार बन्द बैठक गर्नेछ, जसमा इरानमाथि भएका हवाई हमलाहरूको विषयमा छलफल हुने भएको रुसी सरकारी मिडियाले जनाएको छ। मध्यपूर्व युद्ध दोस्रो महिनातर्फ बढ्दै गर्दा यो बैठक आयोजना हुन लागेको हो।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले गरेको हवाई हमलापछि इरान प्रायः दैनिक रूपमा बमबारीको शिकार हुँदै आएको छ। यसका कारण नागरिक पूर्वाधार, विद्यालय, अस्पताल र अन्य सार्वजनिक स्थलहरूमा ठुलो क्षति पुगेको छ।

इरानमा नागरिक पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवामा हुने लगातार हवाई हमलाहरूको कारण रुसी सरकारले तत्काल बैठकको अनुरोध गरेको हो। यस सम्बन्धमा रुसी राजदूतका प्रवक्ताले राज्य सञ्चार माध्यममार्फत जानकारी दिएका छन्।

युद्धको पहिलो दिन दक्षिणी इरानी सहर मिनाबमा भएको हवाई हमलामा एक विद्यालय लक्षित भएको थियो, जसमा १६० भन्दा बढी बालबालिका मारिएका थिए। प्रारम्भिक अनुसन्धानअनुसार, उक्त हवाई हमला लक्ष्य निर्धारणमा भएको गल्तीका कारण भएको थियो।

यस महिनामा आयोजित बैठकको समय बिहान १० बजे तय गरिएको छ। बैठकमा इरानमाथि भएका हवाई हमलाको प्रभाव, मानवीय क्षति र युद्ध रोकथामका उपायबारे छलफल हुने अपेक्षा गरिएको छ।

अमेरिका र इजरायलको आक्रमणले इरानी नेतृत्व, मिसाइल स्थल र अन्य सैन्य पूर्वाधारलाई लक्षित गरेको छ। यसको प्रतिक्रियामा इरानले गल्फ क्षेत्रमा व्यापक हमला गरेको छ र महत्त्वपूर्ण जलमार्ग स्ट्रेट अफ होर्मज अस्थायीरूपमा बन्द भएको छ। यस जलमार्गमार्फत सामान्य अवस्थामा विश्वको कच्चा तेल र तरल प्राकृतिक ग्यासको ठुलो हिस्सा गुज्रिन्छ।

यसैबिच, मानव अधिकार परिषद्ले पनि जेनेभामा अलग बैठक आयोजना गर्दै विद्यालयमाथि भएको घातक हवाई हमलाबारे छलफल गर्ने तयारी गरेको छ। बैठकले नागरिकको सुरक्षामा ध्यान दिँदै युद्धका प्रभाव र भविष्यका रोकथामका उपायहरूमा जोड दिने अपेक्षा गरिएको छ।

## विश्व सङ्क्षेप

# रुसको ऊर्जा क्षेत्रमा 'गैजप्रोम' को नयाँ रणनीति

मस्को, २७ मार्च (सिन्ह्वा)। रूसी ऊर्जा कम्पनी 'गैजप्रोम नेफ्ट' ले २०२६ मा आफ्नो हाइड्रोकार्बन उत्पादन बढाउने योजना बनाएको छ। कम्पनीका सीईओ अलेक्ज्याण्डर ड्यूकोभले बिहीबार यहाँ उद्योग तथा व्यापार सम्मेलनमा यो जानकारी दिनुभएको छ।

ड्यूकोभले भन्नुभयो, "यस वर्ष हामी हाइड्रोकार्बन, विशेष गरी तेलको उत्पादन बढाउने योजना बनाएका छौं।" उहाँले यो कुरा रूसी उद्योगपति तथा उद्यमी सङ्घको काङ्ग्रेसको साइडलाइनमा व्यक्त गर्नुभएका थिए।

कम्पनीको हाइड्रोकार्बन उत्पादन, जसमा संयुक्त उद्यमहरूमा कम्पनीको हिस्सा पनि समावेश छ, २०२४ मा ५.३ प्रतिशत वृद्धि भई १२६.९ टन तेल समतुल्यमा पुगेको थियो। तर, २०२५ को तथ्याङ्क अहिलेसम्म सार्वजनिक भएको छैन।

ड्यूकोभले रूसले विदेशी बजारमा मूल्य उच्च भएको कारण इन्धनको विदेशी निर्यातलाई रोक्न दुई-तीन महिनाका लागि पूर्ण पेट्रोलियम निर्यात प्रतिबन्ध लगाउनुपर्ने सुझाव पनि दिनुभएको छ। हाल रूसमा केवल गैर-निर्माताहरूका लागि जुलाईसम्म पेट्रोलियम निर्यातमा प्रतिबन्ध छ, तर ठुला तेल कम्पनीहरूलाई निर्यात गर्न अनुमति दिइएको छ।

यो कदमले रूसको आन्तरिक इन्धन आपूर्ति सुनिश्चित गर्न र विदेशी बजारमा मूल्य नियन्त्रणमा मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ।

# अफगानिस्तानमा भारी वर्षा र बाढी पाँच जनाको मृत्यु, छ घाइते

काबुल, २७ मार्च (सिन्ह्वा)। अफगानिस्तानका विभिन्न प्रान्तहरूमा पछिल्लो २४ घण्टामा परेको अत्यधिक वर्षाले अचानक बाढी ल्याउँदा कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन्। यो जानकारी राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ता हाफिज मोहम्मद युसुफ हम्मादले बिहीबार साँझ दिनुभएको छ।

प्रवक्ता हम्मादका अनुसार, बाढी पूर्वी प्रान्त परवान र पक्तिया तथा दक्षिणी प्रान्त कन्धार, जबुल र हेल्मण्डमा फैलिएको छ। बाढीले घर, सडक र कृषि क्षेत्रलाई व्यापक क्षति पुऱ्याएको छ। प्रभावित क्षेत्रमा ९४ वटा आवासीय घर पूर्ण वा आंशिक रूपमा नष्ट भएका छन् भने ग्रामीण सडकहरू बगाएर जाने जोखिममा परेका छन्। साथै, बाढीले खेतीयोग्य जमिन डुबाएको छ, जसले कृषकहरूलाई ठुलो आर्थिक क्षति पुऱ्याएको छ।

विपद् व्यवस्थापन प्राधिकरणले प्रभावित क्षेत्रहरूमा राहत वितरण गर्न र क्षतिको प्रारम्भिक मूल्याङ्कन गर्न सर्वेक्षण टोलीहरू पठाइसकेको छ। यसका साथै प्राधिकरणले प्रभावित जनतालाई सुरक्षित स्थानमा सार्न र प्राथमिक सहायता उपलब्ध गराउन पहल सुरु गरेको छ।

अफगानिस्तानको मौसम विभागले आगामी दिनहरूमा थप वर्षाको चेतावनी जारी गरेको छ। यसले पहाडी र जोखिमपूर्ण क्षेत्रमा थप बाढी आउने सम्भावना बढाएको छ, जसले अझ धेरै जनधनको क्षति निम्त्याउन सक्ने सङ्केत गर्दछ।

विशेषज्ञहरूले प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूले तत्काल तयारी अपनाउनुपर्छ र प्राधिकरणले जारी गरेका चेतावनीलाई गम्भीरतापूर्वक लिनुपर्ने भनेका छन्।

# अमेरिका मध्यपूर्वमा आफ्नो सैन्य उपस्थिति बढाउँदै

वासिङ्टन, २७ मार्च (सिन्ह्वा)। अमेरिकी रक्षा मन्त्रालय (पेण्टागन) मध्यपूर्वमा थप १० हजार स्थल सैनिक परिचालन गर्ने योजना बनाइरहेको छ। यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई कूटनीतिक विकल्पहरू बाहेक अतिरिक्त सैनिक विकल्प उपलब्ध गराउने उद्देश्यले उठाइएको हो।

थप फौजमा पैदल सैनिकका साथै बख्तरबन्द वाहनहरू पनि समावेश हुने सम्भावना छ। यो नयाँ फौजले पहिले नै उक्त क्षेत्रमा तैनाथ पाँच हजार म्यारिन र ८२ औं एयरबोर्न डिभिजनका हजारौं प्याराट्रुपरसँग मिलेर काम गर्नेछ।

मध्यपूर्वमा यी फौज कहाँ पठाइने भन्ने विषय अझै स्पष्ट छैन, तर उनीहरू इरान र खार्ग द्वीप नजिकको क्षेत्रमा परिचालन हुने अपेक्षा गरिएको छ। खार्ग द्वीप इरानको तेल निर्यातको महत्त्वपूर्ण केन्द्र मानिन्छ।

ह्वाइट हाउसकी उप-प्रेस सचिव एना केलीले स्पष्ट पार्दै भन्नुभयो, "सैनिक परिचालनसम्बन्धी सबै घोषणा अमेरिकी रक्षा मन्त्रालयबाटै गरिनेछ। राष्ट्रपति ट्रम्पसँग सधैं सबै सैनिक विकल्पहरू उपलब्ध छन्।"

पूर्वअमेरिकी राष्ट्रपति ट्रम्पले बिहीबार उहाँ इरानी ऊर्जा संयन्त्रमाथि योजना बनाइएका हमलाहरू १० दिनका लागि स्थगित गर्ने बताउनुभयो। उहाँले अमेरिका र इरानबिचको वार्ता 'अत्यन्तै सकारात्मक रूपमा अघि बढिरहेको' बताउनुभएको छ।

इरानले सार्वजनिक रूपमा ह्वाइट हाउसको १५ बुँदे शान्ति योजना अस्वीकार गरेको छ। तर, गोप्य वार्ताअनुसार, पाकिस्तानमा केही अमेरिकी वार्ताकारहरूसँग भेट गर्ने तयारी भइरहेको छ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि ठुलो हमला गरेका थिए, जसले विश्वव्यापी ढुवानीमा अवरोध पुऱ्यायो, तेलको मूल्य बढायो र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पारेको थियो।

# सङ्कटको रापमा राज्यको सङ्कल्प र आधा सिलिन्डरको दर्शन

इकुश्रे

अहिले विश्व राजनीतिको आकाशमा मडारिएको युद्धको कालो बादलले नेपालजस्तो आयातमा आधारित अर्थतन्त्र भएको मुलुकको भान्छासम्म सिधै प्रहार गरेको छ । मध्यपूर्वमा जारी द्वन्द्वका कारण सिर्जना भएको ऊर्जा सङ्कटले हामीलाई पुन: एकपटक पराश्रित हुनुको नमीठो पीडाबोध गराएको छ । सरकारले ग्यास आपूर्तिमा देखिएको अवरोधलाई सम्बोधन गर्न 'आधा सिलिन्डर' ग्यास वितरण गर्ने जुन निर्णय गरेको छ, यो एउटा प्राविधिक व्यवस्थापन मात्र होइन, बरु यसले हाम्रो राष्ट्रिय सामर्थ्यको वास्तविक तस्बिर ऐनाभैँ छर्लङ्ग पारिदिएको छ । इतिहास साक्षी छ, जब-जब मानिसको अगाडि ठुला सङ्कट वा समस्याहरू आइलाग्छन्, समाधानका सबैभन्दा प्रभावकारी र क्रान्तिकारी उपायहरू पनि त्यतिखेरै प्रस्फुटित हुने गर्दछन् । त्यसैले, अहिलेको यो अभाव र छटपटीलाई एउटा सास्तीका रूपमा मात्र हेरिनु हुँदैन । बरु, यो त नेपालले आफ्नो दीर्घकालीन समाधानको विकल्प पहिल्याउने र आत्मनिर्भरताको बाटोमा दृढतापूर्वक पाइला चाल्ने एउटा ऐतिहासिक सुअवसर ठान्नुपर्छ । यो बेला नागरिक र राज्य दुवैले मिलेर पत्ता लगाउने वैकल्पिक ऊर्जाका उपायहरू नै भोलिको विकास र समृद्धिका लागि वास्तविक कोसेढुङ्गा साबित हुन सक्छन् ।

तर, हाम्रा नीति-निर्माता र योजनाविद्हरूको कार्यशैली नियाल्दा एउटा उखान निकै सान्दर्भिक देखिन्छ– छेपारोको उखान । जाडोको समयमा छेपारो राति कठाङ्ग्रिएपछि भन्छ रे, "भोलि त बेलैमाथि दाउरामुढा ल्याएर सल्काउँछु र जाडो भगाउँछु," तर जसोतसो रात बितेर बिहान घाम लागेपछि उसले राति जाडो भएको बेलामा गरेका सबै निश्चय भुसुक्कै बिर्सिन्छ । हिउँदका जाडा रात बितेर गर्मी सुरु भएपछि त ती योजनाका कुरा नै हराउँछन् । हाम्रो देशको सन्दर्भमा पनि ठ्याक्कै यस्तै भएको छ । २०४६ सालमा भारतले नाकाबन्दी लगाउँदा विकल्प खोज्ने ठुला कुरा भए, २०७२ सालको नाकाबन्दीमा पनि देशमै सम्भव हुन सक्नेसम्मका विकल्पबारे गहन चर्चा र कागजमा योजना बनाइयो, तर सङ्कट टर्नेबित्तिकै ती सबै 'फासफुस' भए । अहिलेको आधा सिलिन्डरको नियति त्यही छेपारो प्रवृत्ति र योजनाविहीन कार्यशैलीकै निरन्तरता हो ।

प्रसङ्ग ग्यासको आधा सिलिन्डरमा मात्र सीमित छैन । यदि सङ्कटको सामना गर्न जनताले आफ्नो दैनिक उपभोगमा कटौती गर्नुपर्छ भने, राज्यका माथिल्ला निकायहरूले पनि सोही अनुपातमा आफ्नो संरचना र सुविधामा कैँची चलाउन किन हिचकिचाउने ? अहिलेको बजारमा सुनिएभैँ अब बन्ने सरकारले मन्त्रालयहरूको सङ्ख्यामा कटौती गर्ने कुरा प्रचारबाजीमा मात्र सीमित हुनु हुँदैन । जसरी ग्यासको अभाव टार्न आधा सिलिन्डरको नीति ल्याइयो, त्यसरी नै राज्यका सबै फजुल खर्च, भद्दा संरचना र विलासी सुविधाहरूलाई पनि तत्कालै 'हाफ' अर्थात् आधामा सीमित गर्ने साहस देखाउनुपर्छ ।

हाम्रो देश क्षेत्रफल र जनसङ्ख्यामा सानो छ तर हाम्रा शासकीय संरचनाहरू भने छिमेकी विशाल मुलुकहरूलाई समेत माथ दिने गरी भद्दा र खर्चिला भएका छन् । त्यसैले, सङ्घीयताको मर्म अनुसार जनप्रतिनिधिहरूको सङ्ख्यामा व्यापक कटौती गरी त्यसलाई आधा गरौँ । उनीहरूलाई उपलब्ध गराइने सेवा, सुविधा, सचिवालय खर्च र वैदेशिक भ्रमणका सुविधाहरूमा पनि आधा नै कटौती गरौँ । जबसम्म राज्यका सञ्चालकहरूले आफ्नै सुविधाहरूमा कटौती गरेर त्यागको उदाहरण पेस गर्दैनन्, तबसम्म नागरिकलाई मात्र अभावमा बाँच्न बाध्य पारेर उपदेश दिनुको कुनै नैतिक अर्थ रहँदैन ।

यातायातका साधन सञ्चालनमा जोर-बिजोर प्रणाली लागू गर्नु सडकको चाप घटाउने माध्यम मात्र होइन, बरु यो इन्धन खपत कम गरी व्यापार घाटा न्यूनीकरण गर्ने एउटा सशक्त हतियार पनि हो । यसलाई सङ्कटको बेला मात्र होइन, एउटा पद्धतिकै रूपमा विकास गरेर इन्धनमा हुने विदेशी मुद्राको बहिर्गमन रोक्न सकिन्छ । पेट्रोलियम पदार्थ किन्नमा हाम्रो ठुलो धनराशि बाहिरिएको छ, त्यसको विकल्पमा सौर्य ऊर्जा र विद्युतीय ऊर्जा प्रयोगलाई अभियानकै रूपमा तीव्रता दिन अब ढिला गर्नु हुँदैन । हामीले समृद्धिको सपना देखिरहँदा हाम्रा स्रोतहरू कहाँ र कसरी खर्च भइरहेका छन् भन्ने कुरा प्रधान हुन्छ । राज्यकोषबाट बाँडिने अनुत्पादक भत्ता र राजनीतिक नियुक्तिका नाममा हुने खर्चलाई आधा मात्रै घटाउन सके पनि त्यसले ठुलो आर्थिक सन्तुलन कायम गर्नेछ । यदि राष्ट्र निर्माणका लागि जनताले आधा पेट खाएर वा पैदलै हिँडेर भए पनि योगदान दिनुपर्ने परिस्थिति आउँछ भने, त्यो राष्ट्रिय हितका लागि स्वीकार्य हुनुपर्छ, तर यस्तो त्यागको सुरुवात सधैँ सत्ताको बागडोर समाालेकाहरूबाट हुनुपर्छ । शासक र शासितबिचको यो साझा त्यागले मात्रै नागरिकमा राज्यप्रति भरोसा जगाउन सक्छ ।

हाम्रो आफ्नै माटोमा उब्जाउन सकिने प्याज, लसुनदेखि अनेकौँ फलफूलका लागि अर्बौं रूपैयाँ बाहिरिनु लाजमर्दो विषय हो । विलासिताका सामग्री जस्तै तास, महँगा रक्सी र अन्य अनावश्यक सामानको आयातमा पूर्ण रोक लगाउँदा कसैको केही बिग्रिँदैन, बरु देशको अर्थतन्त्र बलियो हुन्छ । देश उँभो लाग्ने र समृद्ध बन्ने कुरा केवल भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ । सङ्कटको यो घडीले हामीलाई मितव्ययी बन्न र स्वदेशी स्रोतको अधिकतम उपयोग गर्न सिकाएको छ । ग्यासको विकल्पमा विद्युतीय चुल्हो र पेट्रोलियमको विकल्पमा नवीकरणीय ऊर्जाको प्रयोगलाई एउटा अभियानका रूपमा अगाडि बढाउनुपर्छ । हामीले आज गर्ने जस्तोसुकै दु:ख र अभाव पनि भोलिको सुखी र स्वावलम्बी नेपालका लागि एउटा लगानी हो । यदि हाम्रा संरचनाहरू छरिता, सुविधाहरू सीमित र आचरणहरू पारदर्शी हुने हो भने, नेपालको समृद्धिको यात्रा कसैले रोक्न सक्ने छैन । आधा सिलिन्डरबाट सुरु भएको मितव्ययी व्यवहारले राज्यका सबै क्षेत्रमा शुद्धीकरण र कटौतीको मार्ग प्रशस्त गरोस् । जे गरिन्छ, त्यो देश र जनताको उज्ज्वल भविष्यका लागि हो भन्ने कुरामा दृढ विश्वास राख्दै हामी सबैले आ-आफ्नो ठाउँबाट त्याग र सङ्घर्ष गर्न तयार होऔँ । नीति-निर्माणको तहमा बस्नेहरूले छेपारो प्रवृत्ति त्यागेर दीर्घकालीन सोच राख्ने हो भने वर्तमानका यी साना दु:खहरू भोलिका दिनमा हाम्रा लागि सुखद स्मृति मात्र बन्नेछन् ।

लघु कथा

## एल्गोरिदम

गङ्गा

शुक्रबारको दिन फरक विद्यालयका तीनजना शिक्षक साथीहरू दीपक, रमेश र विनोद साँझ एउटा चिया पसलमा चिया खान बसे । साहुजीसँग चिया अर्डर गरेपछि शिक्षक दीपकले आफूलाई थकाई लागेको अनुभव साथीहरूलाई सुनाए - विद्यालयमा बिहानदेखि खट्नुपर्दा थकाइको अनुभव गर्दै छु । त्यसरी मेहनत गरेन भने विद्यालय नबन्ने भयो । फेरि विद्यार्थीहरू पनि धेरै छन् । तर, सबै शिक्षक, कर्मचारी साथीहरूले पनि समयमा आएर बढी समय दिएर साथ र सहयोग दिएको हुँदा विद्यालय राम्रो भएको छ । यो गर्वको अनुभूतिले थकाइलाई माथ गर्थ्यो ।

अर्का साथी रमेशले दीपक सरको विद्यालय बनाउन गरेको मेहनत र योगदानलाई समर्थन र सम्मान गर्दै भने, "हामीले समाजको लागि दिएको नि:स्वार्थ योगदान कहिल्यै खेर जाँदैन । यसले देशकै सेवा हुने हो । यो हामी शिक्षकको कर्तव्य पनि हो । त्यसैले भक्तपुर ज्ञान विज्ञानको केन्द्र बन्दै छ ।"

चियाको चुस्की लिँदै फेरि उनले थपे, "ए, साँच्चै यसपालिको प्रतिनिधिसभाको चुनावमा घण्टीले झन्डै दुईतिहाइ सांसद जित्यो । उनीहरू राजनीतिमा भर्खर आएका दल हुन् । जनताको माझ आएर सभा र बैठक गरेर जनतालाई सचेत पारेर भोट माग्न आएका कतै देखिँदैनन् । त्यसका उम्मेदवारहरूलाई स्थानीय जनताले पनि चिन्दैनन् । मलाई त अचम्म लाग्यो ।

दुवै शिक्षक साथीको विचार र अनुभव सुनेपछि साथी विनोदले भने, अहिले तपाईंहरूले चर्चामा आएको 'एल्गोरिदम' भन्ने शब्द सुन्नुभएकै होला । यो प्रविधिले मोबाइल प्रयोगकर्ता बालबच्चा, युवा, विद्यार्थी सबैलाई मोबाइलले आफू स्वतन्त्र भएको जस्तो वा आफूले मोबाइललाई चलाएको जस्तो अनुभव हुने तर मोबाइलले आफूलाई चलाइरहेको चाल पाउँदैन । मोबाइल खोल्नासाथ मोबाइल चलाउने मानिसको सोच, मनोविज्ञानअनुसार फोटो, भिडियो क्लिपहरू बारम्बार आउँछन् । घण्टीले यो प्रविधिको प्रयोग गरेर जितेको हो । यसको लागि पर्दा पछाडिबाट अमेरिका र भारतले सहयोग गरेको बाहिर आयो । घण्टीमा भोट हाल्न विदेश बसेका नेपालीमार्फत पनि परिवारलाई दबाब दिन लगाएको समाचार आयो ।

ए, यो त साम्राज्यवादी र विस्तारवादीहरूको खतरनाक चाल र हतियार रहेछ । हामी सबै सचेत हुनुपर्छ र हाम्रा विद्यार्थीहरूलाई पनि सचेत पार्नुपर्छ । थकाइ पनि मेटियो भन्दै चियाको पैसा लिएर सबै घर गए ।

कविता

## असहयोगीका नाममा

सृजना प्रजापति

पक्षीको पङ्ख काटिदेउ, उड्न नसिकाऊ ।
अनि, उचाइबाट खसालिदेऊ ।
ती छिट्टै मर्नेछन् ।
तिमी उसको मृत्यको आनन्द लेऊ ।

भौतिक मृत्यु मात्र मृत्यु हो र ?
उसको आशा मारिदेउ ।
इच्छाको बलि चढाउ ।
मन त्यसै दिन मर्नेछ ।

रिस पनि उठ्दैन अब,
मनमा प्रश्नहरू उठ्छन् ।
हरेकपल्ट चित्त धुलो पर्छन् ।
तैपनि, सहेरै बाच्नैपर्छ ।

जीवन कसको एक समान छ र ?
तैपनि, भित्तामा हाँसेकै हुन्छ ।
पीडाको तस्बिरले पदक पाउँछ ।
तर, के तिमीलाई केही फरक पर्छ ?

## माटोको सुगन्ध भुलेर तिमी

सुनिता गाइसी

*आफू जन्मे हुर्केको*
*माटोको सुगन्ध भुलेर तिमी*
*अरुको लहरमा रमायौ*
*किन ?*

*एक सानो बालकलाई*
*मिठाइमा लोभाए*
*जसरी आफ्नो अस्तित्व नै*
*दाउमा राखेर*

*अन्धभक्त बनी झिलीमिलीको*
*पछि किन लाग्यौ तिमी ?*
*समाजको विकासमा दिनरात*
*नभनी खटिरहने हातहरूलाई*
*किन धोका दियौ तिमी ?*

*क्षणिक आवेगमा आएर*
*आफ्ना लालाबालाको भविष्य*
*पनि विचारै नगरी*
*कस्तुरीले सुगन्ध खोजे जसरी*
*किन भौतारियौ तिमी ।*

*खै हिजो त आफ्नै माटोको*
*सुगन्धको चर्चा गरी नथाक्ने तिमी*
*आज कसले के सुनायौ र ?*
*के दिने आश्वासन दियो र ?*
*आँखामा पट्टि बाँधी उसैको पछि*
*लाग्यौ तिमी ?*

*आफू जन्मे हुर्केको*
*माटोको सुगन्ध भुलेर तिमी*
*अरुको लहरमा रमायौ*
*किन ?*

*हावाहुरीको मौसममा पनि*
*आफूलाई जोगाउन*
*कठिन परिश्रम गर्नु नै पर्छ*
*तर, किन डग्मगायौ तिमी*

*आफू उभिएको धरातललाई*
*बिर्सिएर क्षणिक सपनाको*
*संसारमा रमाउने प्रयत्न*
*किन गऱ्यौ तिमी*

*अबको समय तिमीले*
*अनुमान गरेकै छैनौ*
*आफ्नो अस्तित्वको लागि अझै*
*अर्को लडाइँमा होमिने छौ*
*तिमी अनि बुझ्ने छौ*
*आफ्नो माटोको सुगन्ध र महत्त्व*

*आफू जन्मे हुर्केको*
*माटोको सुगन्ध भुलेर तिमी*
*अरुको लहरमा रमायौ*
*किन ?*

## फरक पर्दैन

अंजिरबहादुर शाही (कोहलपुर, बाँके)

*हामीलाई इतिहास थाहा छ,*
*सङ्ख्यात्मकभन्दा गुणात्मक क्षमता बढी हुन्छ,*
*रावणका टाउका खरानी भएका थिए,*
*कौरवका घमण्ड भष्म भएका थिए ।*
*हाम्रै देशमा घमण्ड, अहङ्कार नटेकेको देश*
*राणा, पञ्चायत ढालिएको देश,*
*छयालिसको जनआन्दोलन जितेको देश*
*त्यही इतिहास बोकेको देशमा*
*केही घमण्डी, पञ्चायती अवशेषका शेष नागहरूले*
*दाइँ हाल्दा वर्तमान परिवेश*
*हामीलाई कामदार जनतामा विश्वास छ*
*जहाँ भए पनि जहिले भए पनि हाम्रा साथी बन्ने छन्*
*अनि जनताको प्रजातन्त्रको लागि साथ दिनेछन् ।*
*अनि ढल्नेछन्, विदेशी गिद्दे नजरका पिल्लरहरू*
*अनि ढल्नेछन् विदेशी दलालका आगामी दिनहरू ।*

## हर्मुजको साँचो र विश्वको भविष्य

सत्य सुवाल

बन्द भए हर्मुजको त्यो साँघुरो मुहार,
विश्व थर्कन्छ एक्कासि, मच्चिन्छ हाहाकार ।
ठप्प हुन्छन् पाङ्ग्राहरू, सुक्छन् तेलका धारा,
बदलिनेछन् यहाँ विश्व-शक्तिका सारा तारा ।
साउदी र कतारका ती सुकिला महल,
थर्कनेछन् बेसरी, सुरु हुन्छ हलचल ।
शक्तिशालीको कुर्ची अनि इजरायलको सान,
सङ्कटमा पर्नेछन्, गुम्नेछ पहिचान ।
रुसको ढुकुटीमा तेलको वर्षा हुनेछ,
चीनले आफ्नै नयाँ बाटो रोज्नेछ ।
एकध्रुवीय दम्भ तोडी नयाँ शक्ति जन्मनेछ,
इरानको त्यो हैसियत उच्च शिखर पुग्नेछ ।
तर, हेरौँ आफ्नै आँगन, आफ्नै यो देश,
परनिर्भरताको कस्तो छ यो भेष ?
चार गुणा महँगीले ढाड यहाँ सेक्नेछ,
रित्तो पेट र नाङ्गो आङ धर्तीले देख्नेछ ।
खाडीको श्रमले धानिएको यो घर,
ढल्नेछ जगैदेखि पराइको भर ।
ग्यासको त्यो सिलिन्डर रित्तो भई थन्किन्छ,
फेरि त्यही गुइँठो र दाउरा नै ब्युँझिन्छ ।
सन्देश यो छ आज– ब्युँझौँ है नेपाली,
नराखौँ यो देश सधैँ रित्तो र खाली ।
परचक्रीको तेलमा कतिन्जेल चल्ने ?
आफ्नै सेतो ढुकुटी (बिजुली) कहिले बाल्ने ?
माटो र पसिनाको नाता अब जोडौँ
अर्काको भर पर्ने त्यो बाटो अब छोडौँ ।
जसले आफ्नै पौरखमा टेक्छ यो धर्ती,
उही मात्र जोगिन्छ, जब आउँछ महाविपत्ति ।

## आदर्शको जग र भ्रमको बजार

एस. सुवाल

एउटा गाउँमा एक पाको र निष्ठावान अभिभावक थिए । उनी सधैँ आफ्ना छोराछोरीलाई भन्थे, "हामीले आफ्नै खुट्टामा उभिनुपर्छ, अरूको आश गर्नु हुँदैन । मेहनत गर, इमानदार बन र आफ्नो गाउँ ( समाज) लाई आफैँ बनाऊ ।" उनले छोराछोरीलाई स्वदेशी उत्पादनको महत्त्व, वैचारिक स्पष्टता र नैतिकताको पाठ कण्ठ गराएका थिए ।

बाबुको पढाइ त उच्च थियो, तर छोराछोरीका लागि त्यो केवल 'घोकन्ते विद्या' जस्तै भयो । उनीहरूले त्यो आदर्शको मर्मलाई मनैदेखि 'बुझ्न' पाएनन् ।

त्यही बेला, गाउँमा केही नयाँ र चल्तापुर्जा 'व्यापारी शैली' का मान्छेहरू (जसलाई हामी वर्तमानका सस्तो लोकप्रियतावादी र ठुला भनिने दल मान्न सक्छौँ) भित्रिए । उनीहरूले किसानका छोराछोरीलाई यस्तो कुरा बुझाए, जुन बाबुको आदर्शभन्दा निकै सजिलो र रमाइलो थियो ।

ती बाहिरी मान्छेहरूले भने, "हेर, तिम्रो बाबुले तिमीलाई सधैँ दु:ख गर्न र पसिना बगाउन मात्र सिकाउनुभयो । तर, संसार त कति आधुनिक भइसक्यो ! यो 'पुरानो विचार' को भारी बोकेर तिमीहरू कहिलेसम्म बस्छौ ? हामीसँग आऊ, हामी तिमीलाई बिनाझन्झट सुख-सुविधा, पद र पैसाको बाटो देखाइदिन्छौँ ।"

बाबु काममा व्यस्त भएको मौका छोपेर उनीहरूले ती अबोध छोराछोरीलाई 'विकास र स्वतन्त्रता' को यस्तो चस्मा लगाइदिए, जसबाट उनीहरूलाई आफ्नो बाबुको वर्षौंदेखिको मेहनत र त्याग 'व्यर्थ' लाग्न थाल्यो । उनीहरूले सोच्न थाले, "बुबाले हामीलाई पढाउन त पढायो, तर हाम्रो रहर बुझेन । बरु, यी बाहिरका मान्छेहरू कति आधुनिक र हाम्रो उन्नति चाहने रहेछन् !"

आफ्ना कार्यकर्ता र जनतालाई 'पढाउन' त धेरै पढायो (समाजवाद, उत्तर कोरिया, चीन, विश्व राजनीति), तर नयाँ पुस्तालाई उनीहरूकै 'बुझ्ने भाषा' मा त्यो किन आवश्यक छ भनेर बुझाउन कतै कमी भयो कि ? यदि शिक्षाले मान्छेको मन छुँदैन र उसलाई आफ्नो परिवेशसँग जोड्दैन भने, त्यो पढाइ जतिसुकै राम्रो भए पनि 'काम नलाग्ने' हुन्छ ।

यहाँ नेमकिपाको 'स्वच्छ छवि' लाई बिगार्न खोजिरहेकाहरू पनि छन् । उनीहरूले 'पुरानो विचार' भन्दै कार्यकर्ताहरूलाई भ्रममा पारेर आफ्नो स्वार्थ सिद्ध गर्न खोज्दै छन् । नयाँ पुस्तालाई अहिले लागेको 'स्वतन्त्रता' वास्तवमा एउटा ठुलो भ्रम हो । उनीहरूले बाबुको अनुशासनलाई 'बन्धन' ठाने, तर बाहिरी शक्तिको 'प्रलोभन' लाई 'प्रेम' सम्झिए । जबसम्म उनीहरूले यो कुरा बुझ्नेछन्, तबसम्म उनीहरूले आफ्नो पुर्ख्यौली जग र नैतिकता गुमाइसकेका हुनेछन् ।

हो, सिद्धान्तलाई व्यवहारमा लागू गर्नुपर्छ । यदि नयाँ पुस्ताले पार्टीको नीतिलाई आफ्नो भविष्य र दैनिक जीवनको हितसँग जोडेर बुझ्न सकेन भने, बाहिरका 'मिठा कुरा' गर्ने शक्तिहरूले उनीहरूलाई सजिलै बहकाउनेछन् ।

# अधिकांश विदेशी मुद्राको भाउ घट्यो

काठमाडौँ, १३ चैत । नेपाल राष्ट्र बैङ्कले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अधिकांश विदेशी मुद्राको भाउ ओरालो लागेको छ ।

निर्धारित विनिमयदर अमेरिकी डलर एकको खरिददर १५० रुपैयाँ ०७ पैसा र बिक्रीदर १५० रुपैयाँ ६७ पैसा तोकिएको छ । यस्तै, युरोपियन युरो एकको खरिददर १७३ रुपैयाँ २४ पैसा र बिक्रीदर १७३ रुपैयाँ ९३ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर २०० रुपैयाँ ३० पैसा र बिक्रीदर २०१ रुपैयाँ १० पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १८९ रुपैयाँ ३० पैसा र बिक्रीदर १९० रुपैयाँ ०६ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १०३ रुपैयाँ ९३ पैसा र बिक्रीदर १०४ रुपैयाँ ३५ पैसा, क्यानेडियन डलर एकको खरिददर १०८ रुपैयाँ ४० पैसा र बिक्रीदर १०८ रुपैयाँ ८३ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११६ रुपैयाँ ८६ पैसा र बिक्रीदर ११७ रुपैयाँ ३३ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ४१ पैसा र बिक्रीदर नौ रुपैयाँ ४४ पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ ७२ पैसा र बिक्रीदर २१ रुपैयाँ ८१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ र बिक्रीदर ४० रुपैयाँ १६ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ०६ पैसा र बिक्रीदर ४१ रुपैयाँ २२ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ५७ पैसा र बिक्रीदर चार रुपैयाँ ५९ पैसा, युएई दिराम एकको खरिददर ४० रुपैयाँ ८६ पैसा र बिक्रीदर ४१ रुपैयाँ ०३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ५७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७२ पैसा, साउथ कोरियन वन १०० को खरिददर ०९ रुपैयाँ ९६ पैसा र बिक्रीदर १० रुपैयाँ, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ९९ पैसा र बिक्रीदर १६ रुपैयाँ ०६ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ १९ पैसा र बिक्रीदर २३ रुपैयाँ २८ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ १८ पैसा र बिक्रीदर १९ रुपैयाँ २६ पैसा, कुवेती दिनार एकको खरिददर ४८९ रुपैयाँ ३९ पैसा र बिक्रीदर ४९१ रुपैयाँ ३४ पैसा, बहराइन दिनार एकको खरिददर ३९७ रुपैयाँ ४८ पैसा र बिक्रीदर ३९९ रुपैयाँ ०७ पैसा, ओमनी रियाल एकको खरिददर ३८९ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३९१ रुपैयाँ ४० पैसा रहेको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।

***नेपालका....***

जगजाहेर छ ।

हिटलरले पनि सशस्त्र युवा दल बनाई 'राष्ट्रिय समाजवाद' को नारा दिए; जर्मन रगत आर्यको पवित्र रगत हो भन्दै जर्मनहरूले संसारलाई शासन गर्ने नैतिक अधिकार राख्ने बताए । हिटलरले 'जर्मन भाषाभाषी जहाँजहाँ छन् त्यहाँत्यहाँ जर्मनको शासन चल्छ' भन्ने नारा दिए । छिमेकीहरूलाई मिच्दै र थिच्दै रूसमाथि आक्रमण गर्न पुगे-हिटलर ।

फासीवादी हिटलरकै विरोधमा लडेर लाखौँलाख रूसी जनताको बलिदान भयो । अनि, मानव जाति र मानव सभ्यतालाई फासीवादबाट जोगाउने स्तालिन नै कसरी अहङ्कारी, व्यक्तिवादी र व्यक्तिपूजाका प्रवर्तक भए ?

छिमेकी भारतकै विश्वविद्यालयका होस्टल तथा कार्यालयहरूमा समेत महात्मा गान्धी, नेहरू, सुभाषचन्द्र बोस, भगतसिंह, 'लक्ष्मी', 'सरस्वती' र फिलिमका नायक-नायिकाहरूको तस्बिर एकै भित्तामा प्रदर्शित भएका हुन्छन् । के ती सबै नेताहरूका विचार परस्परविरोधी छैनन् ? नेपालमा हरेक शासक दल सिद्धान्त र नीतिको निम्ति होइन; प्रधानमन्त्री र मन्त्री हुनकै निम्ति सङ्घर्षरत छन् । तिनीहरूकै पछि लागेर राजदूत, भीसी, रजिस्ट्रार, प्रिन्सिपल, आयोगका अध्यक्ष र सदस्य बन्न लालायित बुद्धिजीवीहरू के 'व्यक्तिवादी' होइनन् ? यसकारण, हरेक विषयलाई सामान्यीकरण गर्नुभन्दा विशेषीकरण गरी प्रस्ट भाषामा भन्नु आवश्यक छ । घाउमै मलम लगाउनु वा ठाउँमै चिरफार गर्नु उत्तम हुनेछ ।

***स्रोत: 'श्रमिक' साप्ताहिक***


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी सूचना

आ.व.२०८२।८३ को सामाजिक सुरक्षा भत्ताअन्तर्गत तेस्रो त्रैमासिक (२०८२ माघ, फागुन र चैतको) देहायबमोजिमका बैंकहरूमा EFT मार्फत भत्ता जम्मा भइसकेको हुँदा सम्बन्धित लाभग्राहीहरूलाई सम्बन्धित वडा कार्यालयहरू तथा बैङ्कमार्फत निम्न मिति र स्थानमा वितरण गरिने हुँदा उक्त भत्ता रकम बुझ्न लाभग्राहीहरू देहायबमोजिमका कागजातसहित उपस्थित भई दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| वडा नं. | वितरण मिति | वितरण गर्ने स्थान |
|---|---|---|
| १. | मिति २०८२ चैत १६ गते<br>मिति २०८२ चैत १८ गतेबाट | १ नं. वडा कार्यालय, दूधपाटी<br>कुमारी बैङ्क, नपुखु |
| २. | मिति २०८२ चैत १६ गतेदेखि | भ.न.पा. नेपाल बैङ्क काउन्टर, ब्यासी |
| ३. | मिति २०८२ चैत १७ गते<br>मिति २०८२ चैत १८ गतेबाट | ३ नं. वडा कार्यालय, वंशगोपाल<br>कुमारी बैङ्क, नपुखु |
| ४. | मिति २०८२ चैत १७ गतेदेखि | सिद्धार्थ बैङ्क, राममन्दिर |
| ५. | मिति २०८२ चैत १७ गतेदेखि | लक्ष्मी सनराइज बैङ्क, सुकुलढोका |
| ६. | मिति २०८२ चैत १७ र १८ गते<br>मिति २०८२ चैत १९ गतेदेखि | ६ नं. वडा कार्यालय, भोलाछेँ<br>कुमारी बैङ्क, ब्यासी |
| ७. | मिति २०८२ चैत १७ र १८ गते<br>मिति २०८२ चैत १९ गतेदेखि | ७ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, जगाती |
| ८. | मिति २०८२ चैत १७ गतेदेखि | प्राइम बैङ्क, च्याम्हासिंह |
| ९. | मिति २०८२ चैत १६ गतेदेखि | सिद्धार्थ बैङ्क, च्याम्हासिंह |
| १०. | मिति २०८२ चैत १७ र १८ गते<br>मिति २०८२ चैत १९ गतेदेखि | १० नं. वडा कार्यालय, कमलविनायक<br>नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क, कमलविनायक |

**आवश्यक कागजातहरू :**

१. सामाजिक सुरक्षा परिचयपत्र,
२. संरक्षकको हकमा संरक्षक खुलेको कागजात वा सम्बन्धित वडाको सिफारिस र परिचयपत्र,
३. चेकबुक प्राप्त लाभग्राहीहरूले आफ्नो चेकबुक साथमा लिएर आउनुहोला ।

**थप जानकारीका लागि : सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा,भ.न.पा : ०१-५९१८४४३**


# स्ट्रेट अफ होर्मुजमा इरानको नियन्त्रण
# विश्व बजारमा तेल सङ्कट

तेहरान, २७ मार्च (एपी) । इरानले स्ट्रेट अफ होर्मुजमा आफ्नो नियन्त्रणलाई औपचारिक बनाउँदै 'टोल बूथ' प्रणाली लागू गरेको छ, जसले यसलाई तेल ढुवानीको महत्त्वपूर्ण मार्गको प्रमुख संरक्षक बनाउने सम्भावना देखिन्छ । यस प्रणालीअनुसार जहाजहरूले इरानी जलसिमामा प्रवेश गरी आफ्नो विवरण बुझाउनुपर्छ, जसमध्ये माल, मालिक, गन्तव्य र चालक दलको पूर्ण सूची समावेश हुन्छ । स्वीकृत जहाजहरूले विशेष कोड पाउँछन् र इरानी तटनजिकै सुरक्षित पारगमन गरिन्छ । केही जहाजहरूले शुल्क तिरेका छन्, जुन चीनको मुद्रा युआनमा तिर्ने गरिएको छ ।

मार्चदेखि स्ट्रेटमा यातायात अत्यधिक घटेको छ, जसले विश्वव्यापी तेलको मूल्य बढाएको छ र एशियाली देशहरूमा तेल आपूर्तिमा सङ्कट ल्याएको छ । मार्च १ देखि हालसम्म करिब १५० जहाज मात्र पार गरेका छन्, जुन सामान्य अवस्थामा एक दिनको यातायातको बराबर हो । अधिकांश पारगमन गर्ने जहाजहरू पूर्वी दिशातर्फ गएका छन् ।

सुरक्षा कारणले केही जहाजहरूले आफ्नो रेडियो पहिचान प्रणाली बन्द गरी पारगमन गर्छन् र ओमानको खाडीमा पुन: देखिन्छन् । कम्तीमा १८ जहाज आक्रमणमा परेका छन् र सात जना चालक दलका मृत्यु भएको छ । केही जहाजहरू कूटनीतिक दबाबपछि पार भएका छन् ।

इरानी संसदले स्ट्रेट अफ होर्मुजमा शुल्क र नियन्त्रणलाई कानुनी रूप दिन योजना गरिरहेको छ । यसले इरानी सम्प्रभुताको औपचारिक सङ्केत दिन्छ र राजस्व स्रोतको रूपमा पनि काम गर्न सक्छ । अन्तर्राष्ट्रिय समुद्री सङ्गठनले जहाजमाथि भएका आक्रमणको निन्दा गरेको छ र पारगमनको स्वतन्त्रता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समन्वयको आवश्यकता औँल्याएको छ ।

# पौने १९ करोड अपचलन गर्ने सहकारी सञ्चालकविरूद्ध मुद्दा

काभ्रेपलाञ्चोक, १३ चैत । सहकारीको रु. १८ करोड ७६ लाख चार हजार ५३२ अपचलन गरी बचतकर्ताको रकम फिर्ता नगरेपछि बनेपा नगरपालिका-७ स्थित पशुपति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालकविरूद्ध मुद्दा दर्ता गरिएको छ ।

एक सय तीन बचतकर्ताद्वारा सहकारीका १७ सञ्चालकलगायत सम्बद्धविरूद्ध जिल्ला सरकारी वकिलको कार्यालय काभ्रेपलाञ्चोकमार्फत जिल्ला अदालत धुलिखेलमा सहकारी ठगी अभियोगमा मुद्दा दर्ता गरिएको हो । बचतकर्ताको जम्मा रकम फिर्ता नगरेपछि पीडितहरूले दिएको किटानी जाहेरीका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काभ्रेपलाञ्चोकले अभियोग दर्ता गराएको जनाइएको छ ।

जिल्ला न्यायाधिवक्ता टीकाभुषण घिमिरेका अनुसार दर्ता मुद्दामा अदालतबाट पक्राउ पुर्जी जारी भई पीडितको बचत रकम फिर्ता गराउन अभियोगमा माग गरिएको छ । आरोपित भने सबै फरार छन् । सहकारी ठगी अभियोगमा सहकारीका सञ्चालक समिति, कर्मचारी तथा पूर्वअध्यक्षहरूसमेत गरी १७ जना संलग्न भएको उल्लेख गरिएको छ ।

अभियोग दर्तामा सहकारीका अध्यक्ष भुम्लु गाउँपालिका घर भई बनेपा बस्ने ४३ वर्षीय पानबहादुर श्रेष्ठ, उपाध्यक्ष पनौती नपा-७ की ५१ वर्षीया विन्देश्वरी कायस्थ मधिकर्मी, प्रबन्ध निर्देशक एवं व्यवस्थापक भक्तपुर सूर्यविनायक नपा-८ का ३९ वर्षीय राजाराम सुकुपायो, सञ्चालकहरू भक्तपुर सुर्यविनायक-८ कै ३९ वर्षीया लक्ष्मीकुमारी श्रेष्ठ, सिन्धुपाल्चोकका ३२ वर्षीय रूकेश श्रेष्ठ, लेखाप्रमुख भक्तपुर सिपाडोल निवासी ३५ वर्षीया प्रमिला मानन्धर रहेका छन् ।

यस्तै ऋण अधिकृत बनेपा-९ का ३६ वर्षीय रामसुन्दर बस्नेत, सञ्चालकहरू बनेपा-४ का ४० वर्षीय जयगोपाल श्रेष्ठ, खानीखोला गाउँपालिका-६ का ४१ वर्षीय कृष्णप्रसाद घिमिरे र बनेपा-४८ का ३३ वर्षीय मनिष श्रेष्ठ, बजार अधिकृत बनेपा-७ का ३५ वर्षीय प्रदीप शाहीलगायत रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले भने सहकारीबाट ऋण लिएर नतिर्ने ऋणीहरूलाई प्रहरीले आफूले लिएको ऋण तिर्न अनुरोध गर्दै आएको छ । प्रहरीले हालैमात्र उक्त पशुपति सहकारी बनेपा नपा-७ स्थित मुकुल बचत तथा ऋण सहकारी संस्थाबाट ऋण लिई नतिर्ने तथा सम्पर्कमा नआउने ऋणीलाई कारबाहीको दायरामा ल्याउनेसमेत चेतावनी दिएको थियो ।

जिल्लामा सञ्चालित करिब एक दर्जन सहकारीका सञ्चालकले हालसम्म बचतकर्ताको बचत रकम ठगी गरेको भन्दै प्रहरीकोमा उजुरी परेको छ । उजुरीमध्ये सहकारीको रकम अपचलन अभियोग लागेका २६ जना पक्राउ परेको जनाइएको छ । अभियोग लागेकामध्ये ६७ जना सहकारी सञ्चालक अझै फरारको सूचीमा रहेको प्रहरीले जनाएको छ ।

***इरानको...***

गरेका थिए ।

तर इरानले भने आफ्ना सर्तमा मात्र युद्ध अन्त्य गर्ने सङ्केत दिँदै प्रतिशोधात्मक आक्रमणलाई निरन्तरता दिएको छ । यहीबिच रिभोलुसनरी गार्ड्सले 'अमेरिकी-जियोनिस्ट शक्तिहरूले मानव ढाल प्रयोग गरेको' आरोप लगाउँदै नागरिकलाई तत्काल सुरक्षित स्थानतर्फ सर्न आग्रह गरेका छन् । उनीहरूले अमेरिकी सेना तैनाथ रहेका क्षेत्रहरू, विशेषगरी होटलजस्ता स्थानहरू सम्भावित निशाना बन्न सक्ने चेतावनी दिएका छन् ।

यस चेतावनीअघि कुवेतले आफ्नो मुख्य व्यापारिक बन्दरगाहमा ड्रोन आक्रमणबाट क्षति पुगेको जनाएको थियो । इरानी गाड्र्सले स्ट्रेट अफ होर्मुज शत्रु राष्ट्रका जहाजहरूका लागि बन्द गरिएको दाबी गर्दै पार गर्न खोजेका तीनवटा कन्टेनर जहाजलाई फर्काइएको जानकारी दिएका छन् । उनीहरूले अमेरिकी पक्षले स्ट्रेट अफ होर्मुज खुला भएको दाबीलाई 'झूट' भनेका छन् ।

तेल बजार र विश्व अर्थतन्त्रमा यस तनावको प्रभाव देखिन थालेको छ । होर्मुजमार्फत ऊर्जा आपूर्ति अवरुद्ध हुने जोखिमले मूल्य अस्थिर बनेको छ । जापानले ऊर्जा सङ्कटको सम्भावना देख्दै कोइलाबाट चल्ने विद्युत् उत्पादनमा अस्थायी रूपमा प्रतिबन्ध हटाउने तयारी गरेको छ भने भियतनामले इन्धन कर अस्थायी रूपमा हटाएको छ ।

यसबिच, अमेरिका-इरानबिच अप्रत्यक्ष वार्ताको प्रक्रिया पनि अघि बढिरहेको छ । १५ बुँदे अमेरिकी प्रस्ताव पाकिस्तानमार्फत तेहरानसम्म पुगेको र इरानले त्यसमा प्रतिक्रिया दिइसकेको जनाइएको छ । इरानले युद्ध क्षतिपूर्ति र स्ट्रेट अफ होर्मुजमा आफ्नो सार्वभौमिकताको सम्मान गर्नुपर्ने माग अघि सारेको बताइएको छ । उसले अमेरिका र इजरायलका आक्रमणहरू अन्त्य गर्नुपर्ने सर्त पनि राखेको छ ।

युद्धले सांस्कृतिक सम्पदामा पनि असर पारेको छ । तेहरानका एक वरिष्ठ अधिकारीका अनुसार अमेरिका र इजरायली आक्रमणबाट देशभर कम्तीमा १२० वटा सङ्ग्रहालय तथा ऐतिहासिक स्थलहरू क्षतिग्रस्त भएका छन्, जसमा युनेस्को सूचीमा रहेको गोलेस्तान दरबार पनि समावेश छ ।

यसैबिच, इजरायलले इरानका विभिन्न क्षेत्रमा नयाँ आक्रमण तीव्र पारेको छ । तेहरान, कोम र उर्मियामा आक्रमण भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । इजरायलभित्रै भने युद्धको रणनीतिमाथि प्रश्न उठ्न थालेका छन् । विपक्षी नेता यायर लापिडले सेना धेरै मोर्चामा फैलिँदा क्षति बढिरहेको बताउनुभयो ।

दक्षिणी लेबनानमा हिज्बुल्लाहसँगको लडाइँका कारण इजरायली सेनाले थप सैनिक आवश्यक रहेको जनाएको छ । लेबनानको बेरुत क्षेत्रमा पनि नयाँ हवाई आक्रमण भएको रिपोर्ट आएको छ भने हिज्बुल्लाहले उत्तरी इजरायलतर्फ रकेट प्रहार गरेको जनाएको छ ।

***अन्त्य...***

युरोपेली र केही अन्य देशका नागरिकलाई क्युवा भ्रमणमा जान जटिल बनायो । क्युवा भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या २०१९ को तुलनामा अनुमानित ६८ प्रतिशतले घटेको छ । यसले क्युवाको विदेशी विनिमय आम्दानीबाट अर्बौं डलर गुमेको छ ।

ट्रम्प प्रशासनले 'आतङ्कवाद प्रायोजन गर्ने राज्य' को बिल्ला भिराएका कारण क्युवा बैङ्क तथा अन्तर्राष्ट्रिय वित्तीय प्रणालीसँग अन्तरक्रिया गर्नबाट वञ्चित भयो । यसले क्युवाली अर्थतन्त्रलाई उल्लेखनीयरूपमा कमजोर र अस्थिर बनायो । यी विभिन्न प्रतिबन्ध लामो समयसम्म कायम रहे भने त्यसको परिणाम थाहा पाउन भेनेजुयलालाई हेरे पुग्छ । भेनेजुयला अमेरिकाको दोस्रो (क्युवापछि) निसाना थियो । अमेरिकी प्रतिबन्धले भेनेजुयलामा इतिहासकै गम्भीर मन्दी ल्यायो । सन् २०१२ देखि २०२० सम्मका वास्तविक जीडीपीमा ७३ प्रतिशत घाटा हुनु अमेरिकी महामन्दीको आकारभन्दा तीन गुणा बढी हो ।

राजनीतिक परिवर्तनलाई जबरजस्ती थोपर्न नागरिकमाथि आर्थिक हिंसा लादिन्छ । क्याबिनेटस्तरका अमेरिकी अधिकारीले वर्षौंदेखि वा क्युवाको हकमा दशकौंदेखि यो कुरा ठूलो स्वरमा भन्दै आएका छन् । ट्रम्प अघिल्ला नेताभन्दा केवल यस हिसाबले फरक छन् कि उनी बहाना गर्दैनन् । बरु, तत्कालै एक्सन लिन्छन् । पछिल्लो एक्सन इरान युद्ध हो । यसैबिच धेरै सरकारले क्युवालाई मानवीय सहायता प्रदान गरिरहेका छन् । यसमा मेक्सिको, भियतनाम, चीन, भेनेजुयला, स्पेन, रुस, युरोपेली सङ्घ र चिली समावेश छन् । लगभग सबै विश्वले यहाँ सही र गलतबिचको भिन्नता देख्न सक्छन्, संयुक्त राष्ट्र महासभाले क्युवामाथिको प्रतिबन्ध अन्त्य गर्न लगातार ३३ वर्ष मतदान गऱ्यो । सन् २०२४ मा १८७ का विरुद्ध दुई मत खस्यो (अमेरिका र इजरायलले विरोधमा मतदान गरे) र एक राष्ट्र मतदानमा सहभागी भएन । यद्यपि, ट्रम्पको तेल नाकाबन्दीको घातक प्रभावबाट क्युवालीलाई बचाउन मानवीय सहायता पर्याप्त छैन ।

*(वेइसब्रोट अमेरिकाको सेन्टर फर इकोनोमिक एन्ड फोलिसी रिसर्चका सहनिर्देशक हुन् ।)*

***- 'न्युजविक' बाट***

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा